जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १६५ • २०८० साल कार्तिक २२ गते बुधवार (8 November, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# जनप्रतिनिधिको विवादमा हजार बढी कर्मचारी तलवबाट वञ्चित

## सभा नगर्ने पालिकाको बजेट रोक्का, जनप्रतिनिधिहरु उदासिन

**संजीवकुमार झा**

जनकपुरधाम । नेपालीहरुको चाडपर्व उत्कर्षमा रहेको बेला जनप्रतिनिधिहरुको विवादका कारण धनुषाका पाँचवटा पालिकाका एकहजार भन्दा बढी कर्मचारी तलव पाउन सकेका छैनन् । धनुषा जिल्लाका औरही गाउँपालिका, कमला नगरपालिका, मिथिला बिहारी नगरपालिका, जनकनन्दिनी गाउँपालिका र सबैला नगरपालिकाका कर्मचारीहरु चालु आर्थिक वर्षको तलव पाउन सकेका छैनन् । खाता नखुल्दा पालिकाको कार्यालय अस्तव्यस्त भएको छ ।

औरही गाउँपालिकाका प्रमुख र उप-प्रमुख एमालेका छन् । बहुमत कांग्रेससंग रहेको छ । मेयर र उपमेयरले एक प्रकारको बजेट ल्याउँदा बहुमत वडाध्यक्ष र सदस्यहरुले विरोध जनाएपछि असार १० सम्म हुनुपर्ने नगरसभा हुन सकेको छैन् ।

नगरसभा हुन नसक्दा खाता सञ्चालन भएको छैन् । दुई सय भन्दा बढी कर्मचारीहरु तलव सुविधा पाउन सकेका छैनन् । औरही गाउँपालिकाका प्रमुख उमाशंकर प्रसाद साहले नगरसभा कहिले हुने त्यो आफूलाई थाहा नरहेको बताए । उनले भने-'नगरसभा कहिले हुन्छ त्यो मलाई थाहा भएन । कर्मचारी तलव खाओस नखाओस आफूलाई मतलब भएन् ।'

धनुषाको कमला नगरपालिकाले पनि खाता सञ्चालन गर्न सकेको छैन् । त्यहाँ प्रमुख प्रशासकीय अधिकृत नरहेको र छिट्टै आउने सूचना अधिकारी वीरेन्द्रकुमार सधानले बताए । यहाँ पनि मेयर र उपमेयरबीच विवाद छ । यहाँ मेयर र उपमेयरमा विवाद रहेकै कारण कर्मचारी टिक्दैनन् । कर्मचारी आए पनि नगरसभा गर्न कठिनाइ रहेको बताइएको छ । मेयर विशेश्वर यादव र उप मेयर शीला देवी मण्डलबीचको आन्तरिक कलहका कारण नगरपालिकाका दुई सय भन्दा बढी कर्मचारी चालु आर्थिक वर्षदेखि तलव सुविधा पाएका छैनन् ।



> कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख नवराज नेपालले १८ मध्ये १३ वटाको नगरसभा सम्पन्न भइ बजेट सूत्रमा हालिएको र पाँच वटा पालिकाले अहिलेसम्म सूत्रमा नआएको जानकारी दिए ।

मिथिला बिहारी नगरपालिकामासमेत मेयर र उपमेयरबीचको विवादका कारण नगरसभा हुन सकेको छैन् । मेयर नेपाली कांग्रेसका र उपमेयर नेकपा माओवादी केन्द्रका छन् । दुबैजना गठबन्धनका उम्मेदवार थिए र विजयी पनि भए ।

नगरपालिकामा असार १० भित्र वडास्तरीय योजना नआएका कारण सभा गर्न ढिलाइ भएको थियो । पछि वडाको योजना आएपछि नगरस्तरीय बजेटमा उपमेयर शोभा देवी साहले विवाद झिकेपछि मेयर राजेन्द्रप्रसाद यादवलाई भने समस्या भएको हो । मेयर यादवले नगरस्तरीय बजेट छुट्ट्याउँदा त्यसको योजना पेश गर्न उपमेयर साहले भनेपछि त्यहाँ विवाद उत्पन्न भएकै कारण नगरसभा हुन सकेन् । यहाँ पनि दुई सय भन्दा बढी कर्मचारी तलव पाउन सकेका छैनन् । प्रमुख प्रशासकीय अधिकृत रामदरश यादवले नगरसभा नभएको जानकारी दिँदै दशै बितिसक्यो, दीपावली र छठ आउँदैछ अहिलेसम्म कर्मचारीलाई तलव दिन नसकेको दुःख व्यक्त गरे ।

जनकनन्दिनी गाउँपलिकामा लेखा अधिकृत नहुँदा त्यहाँको बजेट सूत्रमा हाल्न सकिएको छैन् । त्यसकारण कर्मचारीले तलव पाउन सकेका छैनन् । जनकनन्दिनी गाउँपालिकामा पनि दुई सयको हाराहारीमा कर्मचारी रहेको सूचना अधिकृत ऋषिकेश यादवले बताए ।

'गाउँपालिकाको नगरसभा समयमै भए पनि लेखा अधिकृत नरहेका कारण समस्या आएको हो' उनले भने, लेखा अधिकृत आएपछि तलव खुवाउने योजनामा गाउँपालिका रहेको छ ।

त्यस्तै सवैला नगरपालिकाले सोमबार बैठक गरेको प्रमुख प्रशासकीय अधिकृत कृष्ण पौडेलले जानकारी दिए । उनले छिट्टै बजेट सूत्रमा हाल्ने र तलव सुविधा तथा योजनाहरु सञ्चालनमा ल्याउने बताए । सबैलामा पनि जनप्रतिनिधिबीच विवाद रहेकै कारण नगरसभा असार १० भित्र हुन सकेन् ।

कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख नवराज नेपालले १८ मध्ये १३ वटाको नगरसभा सम्पन्न भइ बजेट सूत्रमा हालिएको र पाँच वटा पालिकाले अहिलेसम्म सूत्रमा नआएको जानकारी दिए । उनले गणेशमान चारनाथ नगरपालिका, जनकपुरधाम उप-महानगरपालिका, धनौजी गाउँपालिका, हँसपुर नगरपालिका, मुखियापट्टी मुसहरनीया गाउँपालिका, मिथिला नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, शहीदनगर नगरपालिका, बटेश्वर गाउँपालिका, लक्ष्मीनिया गाउँपालिका, धनुषाधाम नगरपालिका, नगराइन नगरपालिका र विदेह नगरपालिकाको बजेट सूत्रमा आइसकेको जानकारी दिए ।

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आज भीसीको इन्टरभ्यू

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि उपकुलपति (भीसी) चयन गर्न बुधबार उम्मेदवारहरुको प्रस्तुतीकरण र अन्तरवार्ता( इन्टरभ्यू)हुने भएको छ ।

भीसीका लागि ९ जना चिकित्सकहरुले आवेदन दिएका छन् । उनीहरुको आवेदनलाई स्वीकार गरेर प्रस्तुतीकरण र इन्टरभ्यूका लागि समितिले बोलाएको छ ।

प्रतिष्ठानका भीसी डा.रामकेवल साहको निधन भएको ३ महिनापछि नयाँ भीसी नियुक्तिको प्रक्रिया थालिएको छ । प्रतिष्ठानमा हाल रजिष्टार डा.विनोद यादव र रेक्टर डा.अंकुर साह छन् । भीसीका लागि डा.साह पनि उम्मेदवार भएका छन् ।

स्थापनाकालमा तत्कालीन सरकारले भीसी, रजिष्टार र रेक्टरमा सोझै नियुक्ति गरेका थिए । तर यस पटक सार्वजनिक विज्ञापनबाट भीसीको छनोट गर्न थालिएको छ ।

> **भीसीको अन्तरवार्तामा ९ जना**
> डा.रमेशप्रसाद सिंह
> डा.योगेन्द्र प्रसाद सिंह
> डा.पशुपति चौधरी
> डा.विश्वनाथ यादव
> डा.राजेन्द्र प्रसाद साह
> डा.गौरीशंकर साह
> डा.रोहित प्रसाद यादव
> डा.अंकुर साह र
> डा.सुधिर सिंह

प्रस्तुतीकरण र अन्तरवार्तामा अब्बल हुने ३ जनाको नाम भीसीका लागि स्वास्थ्य मन्त्रालय मातहतको समितिले सिफारिस गर्नेछ । त्यसपछि उपकुलपतिसमेत रहेका मुख्यमन्त्री सरोज कुमार यादवले भीसीको टुंगो लगाउने छन् । योग्यता र क्षमतालाई भीसीका लागि प्राथमिकता दिएको बताउँदै मुख्यमन्त्री यादवले भने, मधेश प्रदेशको स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय सेवा प्रदान गर्न प्रतिष्ठानको भूमिका महत्वपूर्ण हुनेछ ।

मधेश प्रदेश सरकारले प्रतिष्ठानसँगै मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालय स्थापना गरेको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको मातहतमा प्रदेश अस्पताल जनकपुरधाम रहेको छ । विशेषज्ञ अस्पताल मुजेलियामा छुट्टै सञ्चालन गरिएको छ ।

# मुख्यमन्त्री यादवद्वारा अस्पतालमा छड्के



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मंगलबार राति ८:४५ बजे प्रादेशिक अस्पतालमा छड्के अनुगमन गरेका छन् ।

सो क्रममा मुख्यमन्त्री यादवले अस्पतालको आकस्मिक कक्ष र प्रसूती गृहको निरीक्षण गरी स्वास्थ्य सेवा बारे रोगी र कुरुवाहरुसित जानकारी लिएका छन् ।

निरीक्षण पश्चात अस्पतालमा सरसफाई सुधार भएको महसुस गरेको मुख्यमन्त्री यादवले बताए । तर सेवालाई अझ बढी प्रभावकारी बनाउन चिकित्सक र स्वास्थ्यकर्मीहरुको डिउटी बढाउनुपर्ने आवश्यक रहेको उनले बताए । रोगीहरुको चापको अनुपातमा चिकित्सक र स्वास्थ्यकर्मीहरुको रात्रिकालीन डिउटीमा गुनासोहरु आएको उनले बताए ।

अस्पतालमा रहेका समस्याहरु समाधान गरी सेवालाई प्रभावकारी बनाउन अस्पताल व्यवस्थापनसित छलफल गर्ने उनले बताए ।









# आइएमई ग्रुपद्वारा प्रधानमन्त्रीलाई रु एक करोड ५० लाखको चेक हस्तान्तरण




काठमाण्डु । आइएमई ग्रुप तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले जाजरकोट र रुकुमपश्चिमलगायतका जिल्लाका भूकम्प प्रभावितका लागि घोषणा रु एक करोड ५० लाख बराबरको चेक मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई हस्तान्तरण गर्नु भएको छ ।

अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक लिमिटेड, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स र आइएमई लिमिटेडलगायत आइएमई ग्रुपबाट प्रवर्द्धित कम्पनी तथा आइएमई फाउन्डेसनमार्फत घोषणा गरिएको उक्त सहयोग रकमको चेक प्रधानमन्त्री दाहाललाई हस्तान्तरण गर्नु भएको हो ।

सो अवसरमा अर्थमन्त्री डा प्रकाशशरण महत र मुख्यसचिव डा बैकुण्ठ अर्याल समेत उपस्थित हुनुहुन्थ्यो । यसैगरी आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल, ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेल, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्सका प्रमुख कार्यकारी युगेशभक्त बादे श्रेष्ठ, ग्लोबल आइएमई बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल लगायतको पनि उपस्थिति थियो । आइएमई ग्रुपले भूकम्पका कारण मृत्यु भएका नागरिकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

साथै, भूकम्प प्रभावित क्षेत्रमा आइएमई ग्रुप तथा आइएमई फाउन्डेसनले स्थानीय प्रशासनसँगको समन्वयमा थप राहत सहयोग समेत उपलब्ध गराउने प्रतिबद्धता समेत जनाएको छ ।रासस

# सयपत्री फूलको व्यावसायिक खेतीबाट आम्दानी



धनुषा । लहरै रोपिएका सयपत्री फूलका बिरुवा । कुनैमा हाँगा हालेर झपक्क परेका, कुनै हलल बढेर ढल्न आँटेका बिरुवाको स्याहारमा व्यस्त देखिनुहुन्छ फूल व्यवसायी रामप्रवोध पण्डित । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-४ हरैयाका रामप्रवोध पण्डित व्यावसायिक सयपत्री फूल खेती गर्नुभएको छ । पण्डितले चार वर्षअघि कोरोनाको समयमा बन्दाबन्दी हुँदा कामविहीन भएपछि सुबधिमाई फूल भण्डार तथा उत्पादन शाखा सञ्चालन गरेर व्यावसायिक फूल खेती सुरुवात गर्नुभएको थियो । हरैयामा १० कट्ठा जमिन भाडामा लिएर उहाँले व्यावसायिक फूल खेती सुरु गर्नुभएको थियो । सुरुमा फूल खेतीसम्बन्धी अनुभव नहुँदा र लगातार दुई वर्षको बन्दाबन्दीमा खासै आम्दानी गर्न नसके पनि व्यवसायलाई उहाँले निरन्तरता दिनुभयो ।

गत वर्ष पाँच जातको सयपत्री फूल खेती गर्नुभएका उहाँले यसपालि 'मेग्रा', 'चिनाचेरी', 'कर्मा त्रिपल फाइभ ओरेन्ज', सेतो हजारी, कलकत्ते ओरेन्जलगायत जातका सयपत्रीका बिरुवा लगाउनुभएको छ । उहाँले गत वर्ष तिहारको समयमा फूल मात्रै रु १० लाखको बिक्री गर्नुभएको थियो । यसपटक पनि तिहारको समयमा १५ देखि २० लाख आम्दानी गर्ने लक्ष्य रहेको पण्डितले बताउनुभयो । आफूले फूल खेतीबाट मनग्य आम्दानी गर्न सकिने देखेपछि गाउँका युवालाई वैदेशिक रोजगारीमा जानुभन्दा स्वदेशमै कृषिबाट मनग्य आम्दानी गर्न सकिने सल्लाह उहाँ दिनुहुन्छ । फूल खेतीबाट आम्दानी राम्रो हुन थालेपछि आफूलाई काम खोज्दै विदेश पनि जान नपरेको उहाँको भनाइ छ ।

आफूहरू श्रीमान्, श्रीमती र दुई बुहारीसहित फूल खेतीमा लागिरहेको बताउँदै पण्डितकी श्रीमती फुलोदेवी फुलोले भन्नुभयो, "जग्गा बाँझो छाडेर विदेश जानुभन्दा स्वदेशमै बसेर यस्तै फूल खेती गर्न सके आयआर्जनको बलियो आधार हुने अवस्था रहेको छ ।" फूल उत्पादनका लागि यहाँको माटो उपयुक्त रहेको फुलाको भनाइ छ । यहाँ उत्पादित फूल विदेश निर्यात गरेर पनि आम्दानी गर्न सक्ने सम्भावना रहेको छ ।

रामप्रवोधले यसपालि फूल खेतीको क्षेत्र विस्तार गरेर एक बिघा पुऱ्याएको हुँदा उपभोक्ताले केही सस्तो मूल्यमा फूल किन्न पाउने धारणा व्यक्त गर्नुभयो । फूलमा क्षीरेश्वरनाथ नगरपालिका र आसपासका गाउँ नगरलाई आत्मनिर्भर गराउने उद्देश्यले फूल खेतीको क्षेत्र विस्तारको योजना रहेका पण्डितले बताउनुभयो । "फूल खेतीबाट हुने आम्दानी राम्रो छ, याममा लाखौँको फूल बिक्री भइरहेको छ", उहाँले भन्नुभयो ।

उहाँले स्थानीय एभरेष्ट पेपर मिल्सको जागिर छोडेर फूल खेतीमा लाग्नुभएको हो । उहाँले मासिक २५ हजारको जागिर छाड्नु भएको हो । उहाँको परिवारलाई घाम उदाएदेखि अस्ताएसम्म फूलबारीमा काम गर्न भ्याइनभ्याई हुन्छ । फुलोदेवी भन्नुहुन्छ, "फूलको हेरचाहमै दिन बित्छ, बिहान उठेदेखि नै फूलमा पानी हाल्यो, गोडमेल गऱ्यो समय बितेको पत्तै हुँदैन ।" व्यावसायिकरूपमा सयपत्री फूल खेती गर्नुभएका उहाँलाई तिहारमा फूल टिप्ने र बेच्ने चटारो भएको हो । तिहारको बेलामा मात्र नभई अन्य समयमा पनि फूलको माग हुने गर्दछ । फूल राम्रो देखेर जिल्लामा आयोजना हुने जुनसुकै कार्यक्रममा पनि फूलका लागि निरन्तर फोन आउने गरेको पण्डित बताउनुहुन्छ । "यसरी आएको फोन र फूलले बजार पाउँदा पुष्प व्यवसायमा अझ उत्साहित बनाएको छ ।"

पण्डितले विवाह, पूजा, विभिन्न सङ्घसंस्थाको औपचारिक तथा अनौपचारिक कार्यक्रममा उत्पादन गरेको सयपत्री फूलको माला खपत हुने गरेको बताउनुभयो । "सार्वजनिक कार्यक्रममा अतिथि सत्कारका लागि खादाभन्दा मालाको माग बढ्दो छ," पण्डितले भन्नुभयो, "उत्पादनले बजार नपाउने चिन्ता छैन, मागअनुसार पुऱ्याउनै सकेको छैन ।"

कृत्रिम फूलका प्रयोगकर्ता घटेपछि प्राकृतिक फूलमा आकर्षण बढ्दा जिल्लामा सयपत्री फूलको माग बढी भएको क्षीरेश्वरनाथ नगरपालिकाका कृषि अधिकृत गङ्गा यादवले बताउनुभयो । प्रतिमाला २५ देखि ३० रुपैयाँले बिक्री हुने गरेकामा तिहारको अवधिभर २५ हजार फूलको माला बिक्री हुने उहाँको विश्वास छ । यसबाट रु सात लाखभन्दा माथि आम्दानी हुने उहाँको भनाइ छ ।

पुष्प खेतीबाट पर्याप्त आम्दानी हुँदैन, बजार छैन भन्नेका लागि पण्डित एक उदाहरण बनेका छन् । "फूलखेतीबाट आफ्नो परिवार चलाउन मलाई दुःख छैन । एक बिघामा फूल रोप्दा पनि जिल्लाभन्दा बाहिर माग पुऱ्याउन सकेको छैन, बजार छैन भन्न मिल्दैन", उहाँले भन्नुभयो । बजारमा मालाको अभाव देखिनु नेपाली किसानले व्यावसायिकरूपमा पुष्प खेती नगर्नुको उपज भएको पण्डितको भनाइ छ । "कहिलेकाहीँ काम धेरै भएका बेला ज्यालामा पनि खेताला लगाउने गरेको छु", उहाँले भन्नुभयो, "एक्लै भए पनि काम गर्न आनन्द लाग्छ, ढकमक्क फुलेका फूलको सुगन्धले एक्लोपनको आभास नै गराउँदैन ।"

कम लगानीमा छिटो र उत्पादन राम्रो हुनाका साथै आम्दानी मनग्य भएपछि पण्डित पुष्प व्यवसायमा आकर्षित हुनुभएको हो । "विभिन्न कार्यक्रम र उत्सवमा फूलको मालाको प्रयोग बढ्न थालेपछि व्यावसायिक रूपमा गर्दा आम्दानी हुन्छ भन्ने लागेपछि यसतर्फ लागेका हौँ," उहाँले भन्नुभयो, "फूल आयातको सट्टामा निर्यात हुन्छ, जिल्लामै फूलको खपत पनि हुने भएपछि यसमा लागेका हौँ, तिहारमा यो फूल अझ बढी खपत हुन्छ, यसले हामीलाई उत्साह थपेको छ ।"

सुरुआत गर्दा आफ्नै चार/पाँच कट्ठा जमिनमा तीन रुपैयाँ गोटाको दरले फूलको बिरुवा किनेर करिब एक हजार पाँच सय जति रोपेर सुरुआत गरेको फूल खेती अहिले एक बिघामा विस्तार गरेको पण्डितको गुनासो राज्यसँग छ । उहाँले आफूहरू जस्तो किसानलाई राज्यले कुनै किसिमको सहयोग नगरेको गुनासो गर्नुहुन्छ । उहाँले प्राविधिक सहयोगका साथै केही अनुदानको बन्दोबस्त राज्यस्तरबाट भए अरू पनि किसान व्यावसायिक फूल खेतीतर्फ आकर्षित हुने धाराणा राख्नुहुन्छ । रासस

# प्रदेशमन्त्री दुलालका सुरक्षा अधिकारी मृतअवस्थामा फेला

हेटौँडा । बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलालका सुरक्षा अधिकारी मृत अवस्थामा फेला परेका छन् । नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक यमबहादुर सुवेदीलाई हेटौँडा-११ स्थित सहिद स्मारक नजिक पेटीको पासो लगाइएको अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ ।

धादिङ खानीखोला इलाका प्रहरी कार्यालयमा दरबन्दी रहेर हाल मन्त्री दुलालको सुरक्षागार्डका रूपमा काम गर्दै आएका सुवेदी झुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो । सुवेदीलाई 'मर्निङवाकमा' जानेहरूले रुखको फेदमा बसेको र घाँटीमा कम्मरमा बाँधिने पेटीले पासो लगाएको अवस्थामा फेलापारेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । रासस

# कोरोना भाइरसविरुद्धको ४० लाख मात्रा डोज खोप खेर जाँदै




काठमाण्डु । कोरोना भाइरसविरुद्ध ल्याइएको ४० लाख मात्रा खोप खेर जान थालेको छ । चीन सरकारले अनुदानमा उपलब्ध गराएको कोरोना भाइरसविरुद्धको साइनोभ्याक खोप ४० लाख मात्रा प्रयोग नगरी म्याद सकिने थालेको हो । बुस्टर डोजका रूपमा प्रयोग गर्न नमिल्ने भएपछि साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा तीन खोप थन्किएका छन् । चीन सरकारबाट अनुदानमा २०७८ वैशाख १२ र १४ गते उक्त खोप आएको थियो । वैशाख १२ गते ३४ लाख ४३ हजार तीन सय ६० मात्रा र वैशाख १४ गते पाँच लाख ५६ हजार ६ सय ४० मात्रा खोप नेपाल आएको थियो ।


व्यवस्थापन महाशाखाका निर्देशक डा सर्वेश शर्माले बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने भएपछि खोपको म्याद सकिने थालेको बताउनुभयो । उहाँले खोपको म्याद सकिन थालेकाले अब प्रयोग गर्न नसकिने बताउनुभयो । "अहिले कोरोना भाइरसको महामारी पनि छैन । खोपको म्याद पनि सकिन थालेको छ । त्यसैले अव हामी प्रयोग गर्न सक्दैनौ", उहाँले भन्नुभयो ।

खोपको म्याद यही पुस ७ गतेसम्म मात्र छ । उहाँले खोप त्यतिकै खेर जान थालेपछि उचित व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचार गरिएको बताउनुभयो । "हामीले दुई पटकसम्म खोप के गर्ने भनेर मन्त्रालयलाई पत्राचार गरिसक्यौँ", उहाँले भन्नुभयो, "अब मन्त्रालयले जे गर्न निर्देशन दिन्छ । त्यही गर्दछौँ ।"नेपालमा पहिलो र दोस्रो मात्रा खोप लगाउन मानिस नभएको र बुस्टर डोजका रूपमा प्रयोग गर्न नमिल्ने भएपछि ४० लाख खोप प्रयोगका लागि परराष्ट्र मन्त्रालयबाट कूटनीतिक पहल गरी अन्य देशमा पठाउन पठाउन अनुरोध भएको थियो ।

आपूर्ति व्यवस्थापन शाखाको प्रमुख डा सुरेन्द्र चौरसियाले विश्व स्वास्थ्य सङ्गठनले उक्त खोप बुस्टर डोजका लागि उपयुक्त नभएको भनेपछि खोप नलगाइको बताउनुभयो । "कोरोना महामारीको बेला खोपको माग गरेर आएको हो । तर खोप नेपाल आउँदा धेरै मानिसले पहिलो र दोस्रो मात्रा खोप लगाइसकेका थिए", उहाँले भन्नुभयो, "खोपलाई डब्लुएचओले बुस्टरका लागि प्रयोग गर्न नमिल्ने भनेपछि हामीले खोपको प्रयोग गर्न सकेनौँ ।"

त्यतिबेला बुस्टर डोजका लागि साइनोभ्याकको सट्टा फाइजर खोप प्रयोग गरिएको थियो । डब्लुएचओले प्रयोग नगर्ने भनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले खोप नलगाउने निर्णय गरेको हो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले खेर जान थालेको खोपबारे अझै निर्णय नभएको बताउनुभयो ।रासस

# क्रिकेट रङ्गशालाको काम भरतपुर महानगर र बागमती प्रदेश सरकारले अघि बढाउने



चितवन । गौतमबुद्ध अन्तर ाष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण अघि बढ्ने भएको छ । भरतपुर महानगरपालिका र बागमती प्रदेश सरकारबीच यससम्बन्धी सहमति भएको हो । अलपत्र अवस्थामा रहेको रङ्गशालाको काम लागत साझेदारीमा गर्ने विषयमा मंगलबार बागमति प्रदेशको मुख्यमन्त्री कार्यालयमा सहमति भएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिग्राम जमकट्टेलको संयोजकत्वमा आज बसेको बैठकले प्रदेश सरकारले ७० प्रतिशत र भरतपुर महानगरपालिकाले ३० प्रतिशत लागत साझेदारीमा रङ्गशालाको काम अघि बढाउने निर्णय गरेको छ । बैठकले भरतपुर महानगरपालिकाले पहिलो चरणमा गर्नुपर्ने कामका लागि तयार गरेको लागत अनुमान रु ७५ करोड बराबरको काम लागत साझेदारीमा महानगरपालिकाले अघि बढाउने गरी निर्णय गरिएको हो ।

ब ै ठ क म ा प्रदेश सरकारका अर्थमन्त्री बहादुरसिंह लामा, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख सचिव घनश्याम उपाध्याय महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार रानालगायतको उपस्थिति थियो ।

भरतपुर महानगरपालिकाका इञ्जिनियर सन्तोष आचार्यका अनुसार अहिले भइरहेको तल्लो तहको प्यारापिटको एक तहमाथि प्यारापिट निर्माण गरिने छ । मैदानको आकार मात्रै बनेको भन्दै उहाँले दुबो लगाउने र पिचको काम गरिने जानकारी दिनुभयो । खेलाडी बस्ने ठाउँ, पार्किङ व्यवस्थापन, भित्री सडकको व्यवस्थापनलगायतका काम यसै चरणमा हुने उहाँले बताउनुभयो ।

यसअघि बनेका संरचनालाई संरक्षण गर्दै खेल खेल्न मिल्ने गरी काम अघि बढाउन लागिएको उहाँले जानकारी दिनुभयो । आचार्यले दुई वर्षभित्रमा काम सम्पन्न हुने गरी ठेक्का सम्झौतामार्फत् काम अघि बढाइने बताउनुभयो । भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले प्रदेश सरकारसँग सहमतिसँगै काम अघि बढ्ने बताउनुभयो ।

यसअघि धुर्मुस-सुन्तली फाउण्डेशनले काम गर्दाको बाँकी भुक्तानी लगायतका विषयमा सङ्घीय सरकारले निर्णय गर्ने उहाँले बताउनुभयो । उपप्रमुख चित्रसेन अधिकारीले भरतपुर महानगरपालिकाभित्र रहेको महत्वपूर्ण आयोजना भएकाले यसलाई सहजरूपमा सम्पन्न गर्न रोकिएको काम अघि बढाउने गरी प्रदेश सरकारसँग सहमति गरिएको बताउनुभयो । तत्काल बोलपत्र आह्वान गरी काम अघि बढ्ने उहाँको भनाइ छ ।

भरतपुर महानगरपालिका-१५ मा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काम रोकिएको दुई वर्षभन्दा बढी भएको छ । धर्मुस (सीताराम कट्टेल) सुन्तली (कुञ्जना घिमिरे) फाउण्डेसनले २० बिघा छ कठ्ठा जग्गामा निर्माण थालेको क्रिकेट रङ्गशालाको काम रकम अभावमा २०७८ साउन २० गते रोकिएको थियो ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथुन | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको शिवचौकमा सिंघारा बेच्दै बालिका। फोटो : संजय कुमार यादव/टुडे

# फार्मेसीमा औषधि अभाव

टुडे समाचारदाता

सर्लाही । सर्लाहीको लालबन्दीस्थित प्राथमिक स्वास्थ्य केन्द्र डुमडुमेमा बिरामीले निःशुल्क औषधि पाउने फार्मेसीमा औषधिको अभाव भएको छ।

स्वास्थ्य बीमा गरेका बिरामीलाई निःशुल्क औषधि प्रदान गर्न राखिएको औषधि पसलमा अहिले औषधि नै छैन् । औषधि आपूर्ति गर्ने संस्थासँग स्थानीय जनप्रतिनिधिले बेलैमा सम्झौता नवीकरण नगर्दा औषधिको अभाव भएको जनाइएको छ।

स्वास्थ्य बीमा गरेका यस क्षेत्रका बिरामी बाहिरका औषधि पसलबाट औषधि खरिद गरेर खान बाध्य भएका छन्। प्राथमिक स्वास्थ्य केन्द्रका अनुसार पर्ल मेडिटेक भरतपुर, चितवनसँग औषधि आपूर्तिका लागि तीन वर्षे सम्झौता भएको छ।

प्रत्येक आर्थिक वर्षमा सम्झौता नवीकरण गर्नुपर्ने हुन्छ। प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका



अध्यक्ष एवं लालबन्दी नगरपालिका ९ का वडाध्यक्ष नारायण अधिकारीले सम्झौता गर्न केही समय ढिलो हुँदा औषधि अभाव हुन पुगेको जानकारी दिए।

अहिले भने आफूहरुको तर्फबाट सम्झौता नवीकरण गर्न तयार भएर बसेको अधिकारीले बताए। "हामी सम्झौताका लागि तयार भएर बसेका छौँ, औषधि आपूर्तिकर्ताबाट आज/भोलिमै आउँछु भन्ने जानकारी आएको छ," वडाध्यक्ष अधिकारीले भने " हामीबीच केही अन्योलता रहेको थियो, सरसल्लाह गर्दागर्दै ढिलो भयो।"

अधिकारीले राष्ट्रिय बीमा बोर्डबाट औषधि आपूर्तिकर्तालाई बेलैमा बीमाको रकम भुक्तानी नहुँदासमेत यस्तो समस्या आएको दाबी गरेका छन् । बीमा बोर्डले भर्खरै तीन लाख रुपैयाँ पठाएको र सम्झौता नवीकरण गर्न आउँदा सो रकम औषधि आपूर्तिकर्तालाई दिएर पठाइने उनले बताए।

प्राथमिक स्वास्थ्य केन्द्रका जनस्वास्थ्य निरीक्षक सुदीप काफ्लेले तिहारपछि औषधि आउने वातावरण बनेको बताए। काफ्लेका अनुसार सर्लाही जिल्लाभर लालबन्दीबाट मात्रै स्वास्थ्य बीमा गरेकालाई निःशुल्क औषधि वितरण हुने गरेको छ।

यहाँबाट औषधि लिन सिन्धुलीको क्यानखोला क्षेत्रसहित लालबन्दी, हरिवन, ईश्वरपुर, हरिपुर, कौडेनालगायत पालिकाका स्थानीय आउने गर्छन्। तर अहिले भने फार्मेसीमा औषधि अभावका कारण स्वास्थ्य बीमा गरेका बिरामी मारमा परेका छन्।

लालबन्दी नगरपालिकाका प्रमुख बासुदेव अधिकारीले औषधि अभाव हुनुमा स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको कमजोर पाइएको बताए। "नयाँ आर्थिक वर्ष लाग्दै हुनुपर्ने सम्झौता नवीकरण अहिलेसम्म नहुनुमा व्यवस्थापन समितिकै कमजोरी हो," मेयर अधिकारीले भने, "अब भने सम्झौता हुन लागेको जानकारी पाएको छु, तत्काल औषधि आपूर्ति हुन्छ होला!"।

# लघुवित्तका समस्या र समाधानसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक

काठमाण्डु । नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाका समस्या र समाधानसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ । लघुवित्त क्षेत्रमा समस्या बढ्दै गएर ऋणीहरु आन्दोलनमा उत्रिएपछि राष्ट्र बैंक सञ्चालक समितिले गत फागुन १० गते आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा सात सदस्यीय अध्ययन समिति गठन गरेको थियो । उक्त समितिले लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधान गर्न विभिन्न २० मुख्य क्षेत्रमा केन्द्रित रहेर एक सय ८१ वटा सुझावसहितको प्रतिवेदन दिएको हो।

विगत केही वर्षयता लघुवित्त क्षेत्रको तीव्र विस्तारसँगै विभिन्न समस्या देखिन थालेका छन् । यो अध्ययन प्रतिवेदनले लघुवित्त वित्तीय संस्थाले नाफामा मात्र जोड दिई लक्ष्य विचलनको अवस्था सिर्जना भएको, कमजोर आन्तरिक नियन्त्रण प्रणाली, कमजोर संस्थागत सुशासन र बहुबैंकिङसँगै ग्राहकमा अत्यधिक ऋणको अवस्था मुख्य समस्याका रुपमा औँल्याएको छ। त्यस्तै, कर्मचारीलाई तालिमको अभाव, ग्राहक दुर्व्यवहार र संरक्षणमा समस्या, सुगम क्षेत्रमा मात्र केन्द्रित रही दुर्गममा अझै पहुँचमा कमी, लघुवित्तको मोडलमा समस्याजस्ता देखिएको प्रतिवेदनमा उल्लेख छ।

"लघुवित्त वित्तीय संस्थाको उच्च विस्तार, निश्चित क्षेत्रमा संस्थाको केन्द्रीकरण, बहुबैंकिङ, केही ग्राहकमा अत्यधिक ऋणको अवस्था, संस्थाको कमजोर आन्तरिक नियन्त्रण प्रणाली, क्षमताभन्दा अत्यधिक विस्तारित प्रणाली, कमजोर संस्थागत सुशासन, बिग्रदो कर्जा अनुशासन, अर्थतन्त्रमा शिथिलता, संस्थाको लक्ष्य विचलन र लघुवित्तीय सिद्धान्तअनुरुप लक्षित वर्गमा केन्द्रित हुन नसकेकोजस्ता कारणले लघुवित्त क्षेत्रमा दबाब र समस्या सिर्जना भएको हो", प्रतिवेदनमा भनिएको छ। अध्ययन समितिले प्रतिवेदनमार्फत लघुवित्त क्षेत्रका विद्यमान समस्या समाधानका लागि सुझावसमेत दिएको छ। प्रतिवेदनले कूल २० वटा मुख्य विषयवस्तुमा एक सय ८१ भन्दा बढी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुझाव दिएको हो। मुख्यगरी कर्जासम्बन्धी व्यवस्था, ब्याजदर, लघुकर्जा तथा लक्षित




वर्ग, पुँजीकोष, कर्जा नोक्सानी, ग्राहक संरक्षण, आन्तरिक नियन्त्रणलगायतका क्षेत्रलाई समेटेर सुझाव दिइएको छ।

त्यस्तै, सुशासन, कर्मचारीसम्बन्धी व्यवस्थामा सुधार, कर्जा सूचना, ऋण ग्रस्तता, वित्तीय स्रोत, लघुवित्त मोडल, सामाजिक क्रियाकलाप व्यवस्थापन, सदस्यको स्तरोन्नति, लघुवित्त क्षेत्रमा पूर्वाधार, लघुवित्त वित्तीय संस्थाको सङ्ख्या र भौगोलिक उपस्थिति, लघुवित्त नीति/ऐन, सुपरिवेक्षकीय क्षमतामा सुधारलगायतका सुझाव दिइएका छन्।

प्रतिवेदनअनुसार २०७९ चैत मसान्तसम्ममा रहेका कूल ६३ वटा लघुवित्त वित्तीय संस्थामध्ये ५९ वटा खुद्रा कारोबार र बाँकी चार वटा थोक कारोबार गर्ने संस्था छन् । विगतमा लघुवित्त वित्तीय संस्थाको नाफा उच्च रहेकोमा हाल न्यून हुँदै गएको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, लघुवित्त वित्तीय संस्थाको स्प्रेड (प्रभावकारी ब्याजदर र कोषको लागतबीचको फरक) विगतमा आठ प्रतिशतभन्दा माथि रहेकोमा २०७९ चैतमा घटेर ६ प्रतिशत पुगेको देखिएको । जसकारण, कोभिडको अवस्थामा बाहेक पुँजीको प्रतिफल अधिकांश वर्षहरूमा २५ प्रतिशतभन्दा माथि रहेकोमा २०७९ चैतमा ५ दशमलव २ प्रतिशतमा झरेको पाइको छ। संस्थागतरुपमा हेर्दा २० वटा लघुवित्त संस्थाको पुँजीको प्रतिफल ऋणात्मक रहेको छ । गत चैतमा कोषको लागत १० दशमलव पाँच प्रतिशत र प्रभावकारी ब्याजदर १६ दशमलव ४ प्रतिशत रहेको छ।

घट्दो नाफा एवं सञ्चालन आत्मनिर्भरताको अवस्था र बढ्दो निष्क्रिय कर्जाले लघुवित्त क्षेत्रमा दबाबको अवस्था देखाएको प्रतिवेदनमा जनाइएको छ। विगतमा उच्च रहने गरेको सञ्चालन आत्मनिर्भरता अनुपात गत चैतमा एक सय तीन दशमलव २ रहेको छ। संस्थागत रुपमा ३९ वटा संस्थाको यस्तो अनुपात सयभन्दा कम छ । निष्क्रिय कर्जा अनुपात अधिकांश वर्षहरूमा तीन प्रतिशतभन्दा कम रहने गरेकोमा गत चैतमा सात दशमलव ४३ पुगेको छ।

ग्रामीण लघुवित्त वित्तीय संस्थाबाहेकका संस्थाबाट प्राप्त ऋणीहरूको तथ्याङ्कले बहुबैंकिङको अवस्थालाई पुष्टि गरेको प्रतिवेदनमा उल्लेख छ । लघुवित्तका कूल ऋणीमध्ये ७० दशमलव चार प्रतिशतले एउटा मात्र खाताबाट, २७ दशमलव ८ प्रतिशतले दुईदेखि पाँचवटा खाताबाट, १ दशमलव ५ प्रतिशतले ६ देखि १० वटा खाताबाट र शून्य दशमलव २ प्रतिशतले १० भन्दा बढी खाताबाट कर्जा लगेका छन्।

कर्जाको आकार बढ्दै जाँदा ऋणीको कर्जा खाता सङ्ख्या पनि बढ्दै गएको देखिएको छ। कर्जाको आकारका आधारमा हेर्दा रु ५० हजारभन्दा कम २९ दशमलव पाँच प्रतिशत ऋणीले कर्जा लगेका छन् भने रु १५ लाखभन्दा बढी शून्य दशमलव २ प्रतिशतले मात्र कर्जा लगेको देखिएको छ।

त्यसैगरी रु दुई लाखदेखि रु पाँच लाखसम्म कर्जा लिनेको सङ्ख्या कूल ऋणीको २१ दशमलव दुई प्रतिशत र कूल कर्जामा ४० दशमलव ७ प्रतिशत हिस्सा रहेको छ । एक ऋणीले अधिकतम २९ वटा खातामार्फत कर्जा लगेको छ। रु १५ लाखभन्दा बढी कर्जा लिनेको औसतमा १० वटा खाता र रु सात लाखदेखि रु १५ लाखसम्म कर्जा लिनेको औसतमा चार वटा खाता रहेको देखिएको छ।

कूल ऋणीको ८१ दशमलव ८ प्रतिशतले एकवटा मात्र संस्थाबाट र बाँकी १८ दशमलव दुई प्रतिशतले दुई वा सोभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट कर्जा लगेका छन्। यी बहुसंस्थाबाट कर्जा लिएका ऋणीले रु एक खर्ब ४१ अर्ब (कूल कर्जाको ३७ दशमलव ९ प्रतिशत) कर्जा उपभोग गरेका छन् । यसरी बहुसंस्थामा संलग्न ऋणीको सङ्ख्या प्रतिशतमा कम भए तापनि लघुवित्त वित्तीय संस्थाको कूल कर्जामा ठूलो हिस्सा रहेकाले बहुबैंकिङको समस्या गम्भीर रहेको यो अध्ययनले देखाएको छ।

अध्ययनले लघुवित्त वित्तीय संस्थाको उपस्थिति मुख्य गरी आर्थिक गतिविधि बढी भएका सुगम क्षेत्रहरूमा रहेको देखाएको छ। शाखाको उपस्थिति तराईका जिल्लामा उच्च रहेको छ भने विपन्न र भौगोलिकरुपमा विकट पहाडी एवं हिमाली जिल्लामा न्यून छ । सबै जिल्लामा लघुवित्त वित्तीय संस्थाहरूको उपस्थिति रहे तापनि अझै एक सय गाउँपालिकामा एउटा पनि शाखा रहेको छैन । जनसङ्ख्याको तुलनामा ऋण खाता प्रतिशत, प्रतिघरपरिवार ऋणको आकार, कुल कर्जा प्रवाह रकम, कूल कर्जा खाता सङ्ख्या र प्रतिशाखा औसत कर्जा प्रवाह बर्दिया, मोरङ, बारा, रुपन्देहीलगायतका तराईका जिल्लामा बढी देखिएको छ।

लघुवित्त संस्थाका ऋणीहरु आफू समस्यामा परेको भन्दै पछिल्लो करिब दुई वर्षदेखि आन्दोलित छन्। लघुवित्त संस्थाले महँगो सेवा शुल्क र चर्को ब्याज असुल्ने गरेको, ऋण लिएको रकम तिरिसक्दा पनि थप असुल्ने गरेकोलगायतका समस्या उनीहरुले बताउँदै आएका छन्। त्यस्तै, कर्जा असुली गर्दा मानसिक तनाव दिने गरेको, समूहगत जमानीमा ऋण प्रवाह गर्दै आएका लघुवित्त संस्थाहरुले जमानीकर्तालाई समेत दुःख दिने गरेको ऋणीहरुको आरोप छ। समस्यामा परेका ऋणीबारे सङ्घीय संसद्मा समेत पटक-पटक कुरा उठ्ने गरेको छ।रासस

# भूमिहीन दलित, भूमिहीन तथा सुकुम्वासीलाई जग्गाको निस्सा वितरण

टुडे समाचारदाता

बारा । जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.१४ रजघट्टामा रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुलाई निस्सा(जग्गा प्राप्त गर्ने प्रमाणपत्र) वितरण कार्य सुरु भएको छ।



मंगलबार एक कार्यक्रमकाबीच पूर्व मन्त्री पुरुषोत्तम पौडेल, प्रदेश सभा सदस्य मञ्जु थापा , जीतपुर सिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेल र वडा अध्यक्ष चयन गुरुङ्गले संयुक्त रुपमा भूमिहीन दलित तथा सुकुम्वासीलाई निस्सा वितरण कार्यको सुरुवात गरेका छन्।

वडा नं.१४ मा ५ सय ५० जना भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरु रहेका छन्। जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.१ ,२ ,१५ ,१७ र २२ मा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गर्ने कार्य अगाडि बढाइएको जीतपुर सिमरा उपमहानगरपालिकाले जनाएको छ।

वडा नं.१६ र १८ मा निस्सा वितरण गरिसकिएको छ भने १४ मा वितरण भइरहेको नगर प्रमुख पौडेलले जानकारी दिए । नगर प्रमुख पौडेलले वडा सहजीकरण समितिबाट नै विवाद निरुपण गरेर नगरमा पठाएको खण्डमा काममा कुनै विवाद नभइ जग्गा प्राप्तिको प्रक्रिया द्रुत गतिमा अघि बढ्ने जानकारी दिए । उनले वडा सहजीकरण समितिमा विवाद भएको खण्डमा सहज रुपमा समाधान गर्न सक्ने हेतुले नगर स्तरीय सहजीकरण समितिमा राष्ट्रिय पार्टीको मान्यता प्राप्त पार्टीका नगर अध्यक्षहरुलाई नै राखेको बताए । त्यस्तै वडा अध्यक्ष गुरुङ्गले तिहार अगाडिसम्ममा निस्सा वितरणको कार्यलाई सकाईसक्ने लक्ष्य रहेको जानकारी दिइन् । जीतपुरसिमरा उपमहानगरपालिकाले छिटै नै जग्गाको लालपुर्जा वितरणका लागि प्रक्रिया सुरु गर्ने बताइएको छ । अब ,नापी कार्यालयबाट प्राविधिकहरु फिल्डमा गएर नाँपजाँच गर्ने र जग्गा वितरण गर्नका लागि प्रक्रिया अघि बढ्ने छ । सो क्रममा उनीहरु बसेको ठाउँमा जग्गा खोजी गरिने र त्यहाँ नपाएको खण्डमा सार्वजनिक जग्गाको खोजी गरिने कार्य हुने जनाइएको छ।

# प्रदेश निजामति सेवा ऐनमाथिको सैद्धान्तिक छलफल सकियो




विराटनगर । कोशी प्रदेशसभाको मंगलबारको बैठकमा 'प्रदेश निजामती सेवा ऐन, २०७९' लाई संशोधन गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफल सकिएको छ।

बिनाविभागीयमन्त्री शम्शेर राईले सदनमा पेस गर्नुभएको सो विधेयकमाथिको सैद्धान्तिक छलफलमा प्रदेशसभा सदस्यहरू रेवतीरमण भण्डारी, गोम्बू शेर्पा, विदुरकुमार लिंथेम र प्रदीपकुमार सुनुवारले धारणा राख्नुभयो।

उहाँहरूले कोशी प्रदेश सरकार र जनतालाई सुमधुर सम्बन्ध स्थापना महत्वपूर्ण भूमिका निर्वाह गर्ने निजामती सेवा ऐन त्रुटिरहित हुनुपर्नेमा जोड दिनुभयो। उहाँहरूले प्रस्तुत विधेयकको मस्यौदामै धेरै त्रुटि देखिकाले ऐनलाई समृद्ध बनाउन दफावार छलफल गर्नुपर्ने, कर्मचारी नियुक्ति, सरुवा र बढुवा तथा योग्यता ऐनमै स्पष्ट पार्नुपर्ने धारणा राख्नुभयो।

सैद्धान्तिक छलफलमा उठेका विषयमा मुख्यमन्त्री केदार कार्कीका तर्फबाट बिनाविभागीयमन्त्री राईले जवाफ दिँदै सुशासनबिना विकासको कल्पना गर्न नसकिने भएकाले यो विधेयकमा पर्याप्त छलफल हुने बताउनुभयो। उहाँले सैद्धान्तिक छलफलमा उठेका विषयमा गम्भीर भएर बहस र छलफल गरी त्रुटिरहित विधेयक बन्नेमा विश्वास व्यक्त गर्नुभयो।

मंगलबारको बैठकको विशेष समयमा बोल्दै जनता समाजवादी पार्टी नेपाल संसदीय दलका नेता निर्मला लिम्बूले कर्णाली प्रदेशमा आएको भूकम्पबाट भएको जनधन क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुभयो।

नेता लिम्बुले ताप्लेजुङको सुदूरपूर्व हिमाली क्षेत्रमा रहेका जनतालाई सेवासुविधा पुऱ्याउन सरकारको ध्यानाकर्षण पनि गराउनुभयो।

उहाँले ताप्लेजुङकै तिपला भञ्ज्याङको बाटो खोल्न सरकारसँग माग गर्नुभयो।

प्रदेशसभाको मंगलबारको बैठकमा प्रदेशसभा सदस्यहरू खड्गबहादुर बस्नेत, गोविन्द गिरी र सदानन्द मण्डल मुलुकको समसामयिक विषयमा धारणा राख्नुभएको थियो । कोशी प्रदेशसभाको अर्को बैठक आज (बुधबार) बिहान ११ बजे बस्ने छ। रासस

# भूकम्प प्रभावितलाई बागमती प्रदेशमा कार्यरत कर्मचारीको एक करोड २५ लाख सहयोग

मनहरी । जाजरकोट भुकम्पपीडितको राहत उद्धार र पुनःस्थापनाका लागि बागमती प्रदेश सरकारमा कार्यरत कर्मचारीले आर्थिक सहयोग गर्ने भएका छन् । बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपध्यायको अध्यक्षतामा आज मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बैठक बसेको थियो। गत कात्तिक १७ गते गएको भूकम्पका कारण कर्णाली प्रदेशको जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लाका प्रभावितको सहयोगका लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको प्रमुख सचिव घनश्याम उपध्यायले बताउनुभयो।

बैठकले कर्णाली प्रदेशको जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भई गत शुक्रबार राति गएको भूकम्पले ठूलो मात्रामा जाजरकोट र रुकुम पश्चिम लगायतका जिल्लामा जनधनको क्षति पुगेकोमा दुःख व्यक्त गर्दै आर्थिक सहयोग गर्ने निर्णय गरेको उहाँले बताउनुभयो।

बैठकले भूकम्पबाट प्रभावितलाई राहत तथा पुनःस्थापनाको लागि बागमती प्रदेशअन्तर्गत कार्यरत प्रमुख सचिव, प्रदेश सचिव एवं सो सरहका पदाधिकारीको तीन दिनको तलब, अधिकृतस्तरका कर्मचारीको दुई दिनको तलब र अन्य सबै कर्मचारीको एक दिनको तलब कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको प्रमुख सचिव उपाध्यायले जानकारी दिनुभयो।


उहाँका अनुसार उक्त रकम सङ्कलन गरी कर्णाली प्रदेश सरकारको खातामा जम्मा गरिने छ। रासस

# टी ट्वान्टी महिला सिरिजका लागि खेलाडी छनोट

काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान) ले हङकङमा हुने चार देश सम्मिलित महिला टी ट्वान्टी सिरिजका लागि मंगलबार २२ सदस्यीय नेपाली महिला टोलीको घोषणा गरेको छ।

यही कात्तिक २९ देखि मङ्सिर ३ गतेसम्म हङकङमा आयोजना हुने उक्त प्रतियोगितामा आयोजक हङकङसहित नेपाल, संयुक्त अरब इमिरेट्स (युएई) र मलेसिया छन् । छनोट हुने नेपाली टोलीमा रुविना क्षेत्री, पूजा महतो, सीता रानामगर, इन्दु बर्मा, विन्दु रावल, सङ्गीता राई, ज्योति पाण्डे र रोमा थापा छन्।

त्यसैगरी, ईश्वरी विष्ट, सम्झना खड्का, रुवि पोदार, सबनम राई, कविता जोशी, अश्मिना कर्माचार्य, खुसी डङ्गोल, कृतिका मरासिनी, कञ्चन श्रेष्ठ, सोनी पाख्रिन, सोमु विष्ट, अप्सरी बेगम, काजोल श्रेष्ठ र मनिषा चौधरी छन् ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# तस्करीले नेपाली बजार प्रभावित

नेपालको सीमावर्ती क्षेत्रको बजार तस्करीबाट अत्यधिक प्रभावित भएको छ । महँगा वस्तुहरुको तस्करीले देशको अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव परेको छ। दैनिक उपभोग्यका सामान उपभोक्ताले ल्याए पनि त्यसबाट राष्ट्रिय अर्थतन्त्र प्रभावित हुँदैन् । तर ट्रकबाट भइरहेको तस्करीले सीमावर्ती क्षेत्रको बजारलाई नराम्ररी प्रभावित गरेकोछ ।व्यवसायीहरुको भन्दा तस्करहरु मालामाल भइरहेका छन् । आमनागरिक सास्तीमा छन् । उपभोक्ताहरुले निजी प्रयोजनका लागि भारतबाट ल्याउने खाद्य सामग्रीको व्यापक चेक जाँच गरिन्छ ।तर किलोमा सुन निर्यात हुँदा बरामद भएको अपवादको रुपमा मात्र सुनिन्छ। सर्वसाधारणले ल्याउने दैनिक उपभोग्यका सामग्री रोक्न सुरक्षाकर्मी परिचालन गर्नुभन्दा किलोमा जाने सुन, ट्रकमा जाने मरिच, सुपारी, आउने लत्ताकपडा, मेसिनरी, सेनिटरी लगायतका सामानहरुको नियन्त्रण गर्न लगाए उपलब्धिमूलक हुनसक्छ। देशमा आर्थिक मन्दी छ। त्यसको पीडा सबै निकायले भोगिरहेका छन् । राज्यले दावी गरे अनुसारको आर्थिक अवस्था देशमा छैन् । बजारका ठूला पसलहरु बन्द भइरहेका छन् । घर बहालका लागि घरधनी र व्यवसायीबीच विवाद हुन थालेको छ । बिजुली र कामदार, कर्मचारीको तलब तिर्न नसक्दा समस्यामा व्यवसायीहरु परेका छन् । बैंकका प्रवन्धकसहितका कर्मचारीहरु ऋणको ब्याज र किस्ता असुली गर्न व्यवसायीहरुको घरमा नै पुगेर दबाब दिन थालेका छन् । अर्थाभावमा कयौं व्यवसायीहरु पसल बेचेर नै रातारात फरार भइरहेको अवस्था छ। सरकारले अनुचित लेनदेन (मिटरब्याज) लाई रोक्न ल्याएको कानुनले पनि बजारमा समस्या सृजना भएको छ ।समाजमा पनि त्यसको सकारात्मक प्रभाव परेको छैन् । लेनदेनको क्रममा बेइमानी गर्ने साहुलाई कारबाही गरेर सामाजिक स्तरमा हुने लेनदेनलाई वडा कार्यालयबाट बैद्यता प्रदान गर्ने प्रावधानलाई निरन्तरता दिनु पर्थ्यो। सरकारले तत्कालीन समस्या समाधान गर्न हतारमा निर्णय लिदा त्यसको दीर्घकालीन रुपमा गलत प्रभाव पर्ने अनुमान गर्नुपर्ने थियो। तर पनि नेपाली सीमाक्षेत्रका सहरहरुको कारोबारलाई भारी मात्रामा हुने तस्करीले सुरक्षा व्यवस्थालाई गिज्याएको छ । सुरक्षा निकायलाई ठूला तस्करीलाई रोक्न चुनौती भएको देखिन्छ । तर तस्करी नरोकिएसम्म आर्थिक मन्दीको बेला व्यवसायीहरुले राहत पाउन सक्दैनन् ।सुन तस्करीले सीमा क्षेत्रमा भारतीय मुद्राको अवमूल्यनसमेत भएको छ। भारतीय सीमावर्ती बजारमा भारतीय मुद्रा भन्दा नेपाली मुद्रामा कारोबार गर्न व्यवसायीहरु इच्छुक देखिन्छन् । भारतीय रुपैयामा कारोबार गर्न खोज्दा सयकडा ५ रुपैया अवमूल्यन गरेर कारोबार हुन्छ।

# व्यवस्थापन गरे मोहोर, नगरे फोहोर

तोलाकान्त बगाले

देशका कतिपय पालिकाहरुलाई फोहरमैला व्यवस्थापन समस्याको विषय बन्ने गरेको छ । फोहरमैला व्यवस्थापन चुनौतीका रुपमा देखा परिरहेका छन् । फोहरमैलाको उचित व्यवस्थापन गर्न नसक्दा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीको चिन्ताको विषय बन्ने गरेको छ । फोहोरमैला व्यवस्थापनका कारण कतिपय ठाउँमा विवादहरु उत्पन्न भएका छन् । बजारबाट उठाइएका फोहरहरुलाई कुनै ठाउँमा लगेर थुपार्ने मात्रै गर्दा त्यसले जनस्वास्थ्य र वातावरण असर पार्ने त्रासले फोहरमैला थुपार्ने ठाउँ वरपरका स्थानीय तथा बस्तीबाट विरोध आउने गरेका उदाहरणहरु प्रसस्तै सुन्न र देख्न पाइन्छन् ।

फोहरलाई वर्गीकरण नगरी एकै ठाउँमा लगेर थुपार्दा समस्या निम्त्याउने गर्दछ भने आम्दानी पनि हुँदैन । व्यवस्थापन गर्न जाने मोहोर र नजाने फोहोर हुन्छ भन्ने प्रमाणित पछिल्लो समय विभिन्न पालिकाहरुले गर्दै आइरहेका छन् । फोहोरलाई प्रशोधन गरी मोहोर भित्र्याउँदै आएको एक सफल पालिका हो स्याङ्जाको भिरकोट नगरपालिका। विसं २०७३ मा स्थापना भएको भिरकोट नगरपालिका स्याङ्जा जिल्लाको मध्यभागमा सिद्धार्थ राजमार्गसँगै जोडिएको पालिका पनि हो।

धार्मिक, पौराणिक एवं ऐतिहासिक दृष्टिले महत्व बोकेको आँधीखोलाको किनारमा रहेको बयरघारी बजार भिरकोट नगरपालिकाको प्रमुख बजार हो। यही बजारमा नै पालिकाको प्रशासकीय भवन रहेको छ। फोहरमैला थुपारिएका कतिपय ठाउँ वरपर पुग्ने प्रायःजसोले नाक मुख थुन्ने गर्दछन् । अझ फोहरमैला व्यवस्थापन गर्ने ठाउँ वरपर बनभोज खान र घुम्ने भन्नासाथै छि...छि शब्द निस्किहाल्छ। फोहरैफोहरको पहाड बन्छ तर भीरकोट नगरपालिका एउटा त्यस्तो उदाहरणीय पालिका हो जहाँ फोहर व्यवस्थापन र नजिकै रहेको पार्कबाट राम्रो आम्दानी लिँदै आइरहेको छ।

आँधीखोलाको किनारमा नगरपालिकाले खरिद गरेको र सार्वजनिक गरी झण्डै ६५ रोपनी जग्गामा भीरकोट सरसफाई केन्द्र तथा पार्क सञ्चालनमा रहेको छ। नगरपालिकाले पार्क र सरसफाइ केन्द्र एकै स्थानमा बनाएसँगै अहिले देशका विभिन्न ठाउँबाट अध्ययन अवलोकन तथा घुम्नका लागि आउने गरेका बताउनुहुन्छ भिरकोट सरसफाइ केन्द्र तथा पार्कका व्यवस्थापक कृष्णप्रसाद अर्याल । "फोहरमैला व्यवस्थापनका क्षेत्रमा समस्या भएका देशका विभिन्न पालिकाहरुबाट व्यवस्थापनका बारेमा अध्ययन अवलोकन गर्न यहाँ आउनुहुन्छ", उहाँले भन्नुभयो, "यहाँबाट फर्केपछि आफ्नो पालिकामा गएर फोहरमैला व्यवस्थापनको प्रक्रिया थालेको हामीले खबर पाएका छौँ।"

सरसफाइ केन्द्रको अध्ययन अवलोकन गर्न आउनेहरुका लागि दुई हजार शुल्क लिने गरिएको छ। अन्यत्रबाट यहाँ अध्ययन अवलोकनका लागि आउनुभएका पाहुनाहरुलाई यसको व्यवस्थापकीय पक्षका बारेमा जानकारी दिने गरिएको छ। पार्कमा प्रवेश गर्न प्रतिव्यक्ति रु ५० शुल्क लिने गरेको छ। बनभोजका लागि चार हजार शुल्क लिई पकाउने भाँडाकुँडा तथा ग्यास उपलब्ध गराउँदै आएको व्यवस्थापक अर्यालले बताउनुभयो । नगरपालिकामार्फत नै सञ्चालनमा रहेको पार्कमा विशेष गरी विदाका दिनहरु, चाडबाडका दिनहरु, बिवाह तथा अन्य सभा समारोह तथा सांस्कृतिक कार्यक्रमहरुमा भीड हुने गर्दछ।

सरसफाइ केन्द्रमा आधुनिक ट्रसहरु, वर्गीकरण गरिएका पुनःप्रयोग हुने फोहरको भण्डारण कक्ष रहेका छन् । यहाँ बजारबाट आएका नकुहिने फोहरहरु तथा सिसाजन्य फोहरहरुको वर्गीकरण गरी पुनःप्रयोगका लागि बिक्री गरिने व्यवस्थापक अर्यालले बताउनुभयो । पार्कलाई थप ब्यवस्थित बनाउने कामहरु भइरहेका छन् । पार्कमा दुबोको हरियाली, रङ्गीविरङ्गी फूलहरु, स्विमिङ पुल, विभिन्न प्रजातिका फलफूल तथा पार्कलाई शोभा दिने अन्य बिरुवाहरु, चमेना गृह, शौचालय, कार्यालय भवन, टिकट काउण्टर, प्रतिक्षालयहरु निर्माण गरिएको छ। चारैतिरबाट पर्खालले घेराबार गरिएको छ।

किनारैबाट श्रवणकुमारका अन्धाअन्धी बुबआमाको आँसुबाट उत्पत्ति भई बहेको आँधीखोला सुसाउँदै बहेको छ। यसले यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लोभ्याउने गर्छ। बजारबाट एकान्त, समथर अनि रमणीय स्थानमा रहेको पार्क पछिल्लो समय आकर्षणको केन्द्रकारुपमा स्थापित हुँदै गएको छ। अघिल्लो आर्थिक वर्षमा सरसफाई केन्द्र तथा पार्कको दश हजारभन्दा बढीले अवलोकन गरेको तथ्याङ्क कार्यालयमा रहेको व्यवस्थापक अर्यालको दाबी छ।



शान्त र मनोरञ्जनका लागि भिरकोट नगरपालिकाले निर्माण गरेको पार्क उदाहरणीय हुँदै गएको नगरपालिकाका योजना अधिकृत यामप्रसाद रेग्मीले बताउनुभयो । "सरसफाइ केन्द्र र पार्क एउटै ठाउँमा निर्माण गरी सञ्चालन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "भौतिक संरचना निर्माणको चरणमा भएकाले सरसफाइ र पार्क अझै व्यवस्थित हुँदै जानेमा विश्वस्त छौँ।"

सरसफाइ केन्द्र तथा पार्कमा जग्गा प्रशस्तै भएकाले थप पूर्वाधार निर्माण गर्नका लागि प्रक्रिया अगाडि बढिसकेकाले आगामी दिनमा अझै आकर्षकको केन्द्रका रुपमा स्थापित हुनेछ। जसका कारण आम्दानी पनि स्वतःवृद्धि भएर जाने छ । कुहिने, नकुहिने र सिसाजन्य फोहरमैलाको उचित ब्यवस्थापन गरी नगरपालिकाले आम्दानीको स्रोतका रुपमा विकास गर्दै आएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुङ्गाना बताउनुहुन्छ।

फोहरमैलाको उचित व्यवस्थापन विशेष गरी सहरी क्षेत्रका पालिकाहरुमा चुनौती भइरहँदा भिरकोटले फोहरलाई आम्दानीको स्रोतका रुपमा रुपान्तरण गरेको हो । "फोहोरलाई ब्यवस्थापन गर्न नजान्दा, वर्गीकरण नगरी एकै ठाउँमा सबै प्रकारका फोहोर डम्पिङ गर्दा समस्या हुने हो" उहाँले भन्नुभयो, "कस्तो खालको फोहोर हो, त्यसको वर्गीकरण गरी कुहिनेबाट कम्पोष्ट मल, नकुहिने र सिसाजन्य वस्तुहरुलाई पुनःप्रयोग गर्न सकिने भएकाले बिक्री गरी आम्दानी बाँध्दै आएका छौँ।"

स्थानीयले घर घरमै कुहिने, नकुहिने र सिसाजन्य फोहोर वर्गीकरण गरेर राख्ने गरेका छन् । नगरपालिकाको एउटा ट्रिपरले आलोपालो कुहिने, नकुहिने र सिसाजन्य फोहोर उठाउँछ । बजारबाट सङ्कलन भएको फोहोरलाई सरसफाई केन्द्रमा लगेर पुनः वर्गीकरण गरी भण्डारण गर्ने र त्यहीँबाट बिक्री गरिन्छ । सरसफाइ केन्द्र र पार्कमा गरी हाल १० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा फोहोर मैंला बिक्रीबाट रु. छ लाख ६ हजार ३५४, आर्थिक वर्ष २०७८/७९ मा रु. नौ लाख २४ हजार ७६२ र आर्थिक वर्ष २०७९/८० मा फोहरमैला बिक्रीबाट आम्दानी रु १४ लाख ८६ हजार दुई सय ६८ आम्दानी गरेको छ। नगरपालिकाले हालसम्म फोहरमैला बिक्रीबाट मात्रै रु. ३० लाख १७ हजार तीन सय ८४ आम्दानी गरेको छ । पार्कतर्फको प्रवेश शुल्कबाट रु एक लाख ६४ हजार नौ सय १० आम्दानी गरेको उहाँले बताउनुभयो। "छोटो अवधिमा भिरकोट नगरपालिकाले फोहोरमैला ब्यवस्थापनमा फड्को मारेको छ" उहाँले भन्नुभयो, "नगरपालिकाले सञ्चालन गरेको यो काम आफैंमा महत्वपूर्ण र देशमै उत्कृष्ट एवं नमुना भएको दाबी हाम्रो छ।"

विसं २०७३ मा स्थापना भएको भिरकोट नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ बाट नगरको फोहरमैला व्यवस्थापनका लागि सरसफाइ केन्द्र र पार्क निर्माण कार्य थालेको हो । राष्ट्रिय योजना आयोगको सङ्घीय विशेष अनुदान रु तीन करोड र नगरपालिकाको रु एक करोड गरी रु चार करोड लगानी भएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो।

"सरसफाइ केन्द्रको व्यवस्थापन र पार्कलाई थप सौन्दर्यकरण गर्न अझै काम बाँकी छन्", उहाँले भन्नुभयो, "कुन ठाउँमा कस्तो संरचना निर्माण गर्दा अझै आकर्षक हुन्छ भनेर विज्ञको सहयोगमा योजना बनाइरहेका छौँ।"

देशका विभिन्न ठाउँबाट हामीले गरेको कामको अवलोकन गर्न आउने गरेकाले थप ऊर्जा मिलेको दाबी उहाँको थियो। बजार वृद्धि हुँदै जाँदा भोलिका दिनमा फोहोरको मात्रा पनि बढ्दै जाने हुँदा अहिलेदेखि नै सोहीअनुसारको पूर्वाधार निर्माण गरी अगाडि बढिरहेको उहाँ बताउनुहुन्छ। सरसफाइ केन्द्र तथा पार्कस्थलमै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नका लागि थप पूर्वाधार निर्माणको चरणमा नगरपालिका छ । "सरसफाइ केन्द्र तथा पार्क परिसरमै पर्यटकीय ताल निर्माण गर्दैछौँ", उहाँले भन्नुभयो, "तालको बीचमा मन्दिर हुने र मन्दिरसम्म पुग्न तथा काललाई फन्को लगाउन डुङ्गा शयर गर्ने गरी तयारी थालिएको छ।"

सोही ठाउँमा चार वटा सटरसहितको व्यापारिक भवन निर्माण गरी आम्दानीको स्रोतको रुपमा विकास गर्दै लैजाने योजनामा नगरपालिका छ। सघन सहरी विकास कार्यक्रमअन्तर्गत रु चार करोडको लगानीमा पूर्वाधार निर्माण हुन लागेको हो। पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन बनाउने क्रममा नगरपालिका रहेको उहाँले बताउनुभयो।

नगरपालिकाले तालिम दिएसँगै अहिले टोलटोलमा कुहिने, नकुहिने तथा सिसाजन्य फोहरहरु छुट्टाछुट्टै भाँडामा सङ्कलन गर्दै आइएको भिरकोट-१ बयरघारी बजारमा रहेको राधाकृष्ण टोल विकास समितिका संयोजक ढाकाराम खनाल बताउनुहुन्छ । "टोलमा रहेका होटल, पसल तथा अन्य घरबाट निस्कने फोहरलाई घरमै वर्गीकरण गरेर राख्ने गर्नुहुन्छ", उहाँले भन्नुभयो, "घरमा छुट्टाछुट्टै भाँडामा राखिएको फोहरलाई नगरपालिकाको फोहोर सङ्कलन गर्ने गाडी आउँदा त्यसैमा राखिदिन्छौँ।"

टोलटोलबाट सङ्कलन गरिएको फोहरलाई पालिकाले सरसफाई केन्द्रमा लगेर पुनः वर्गीकरण गरी पुनःप्रयोगका लागि बिक्री गरी आम्दानी लिँदै आएको उहाँले बताउनुभयो।

"सुरुका दिनमा चोकचोकमा कुहिने, नकुहिने डस्टबिनहरु राखिएको तर डस्टबिन राखेको ठाउँमा नरहने, फुटाइदिने जस्ता क्रियाकलाप भए", उहाँले भन्नुभयो, "पछि टोलको सक्रियतामा रकम सङ्कलन गरी घरघरमा कुहिने, नकुहिने फोहोर सङ्कलन गर्नकालागि डस्टविन खरिद गर्‍यौं, त्यसपछि सहज भएको छ।"


कुहिने फोहरलाई डस्टबिनमा सङ्कलन गर्ने र नकुहिनेलाई केही घरले डस्टबिनमै सङ्कलन गर्दै आएका छन् भने केहीले कार्टुन तथा बोरामा सङ्कलन गरी गाडीमा राखिदिने गरेको उहाँले बताउनुभयो। नगरपालिकाले फोहरमैलाबापत घरधनीसँग मासिकरुपमा रकम पनि लिने गरेको छ । नगरपालिकाले आवासीय घरबाट रु एक सय, किराना, फलफूल तथा तरकारी पसल, होटलबाट रु एकसय ५०, सैलुनहरुबाट रु एक सय २५ रकम मासिकरुपमा उठाउँदै आएको छ ।रासस

# भूकम्पमा बाँचेकाहरु भन्छन् : 'भाग्यले बचायो, अस्पतालसम्म आइपुगेका छौँ । अब त केही नहोला कि'

'भूकम्प जाँदा घरमा हामी पाँच जना सुतिरहेका थियौँ । अचानक घर हल्लायो । सपना जस्तै लागेको थियो । उठ्न नभ्याउँदै घर भत्कियो। हाम्रो घर गल्र्यामगुर्लुम्मै ढल्यो। रुवाबासी मच्चियो । माथिबाट खसेको काठ तेर्सो परेको हुनाले हामी बाच्यौँ। आमा र दाई च्यापिनुभयो", ओठ कपाउँदै अनि आँखाभरि आँशु बनाउँदै आफ्ना पीडा सुनाउनुभयो भेरी नगरपालिका-१ जाजरकोटकी यमुना रावलले।

छब्बीस वर्षीया यमुनाको भनाइअनुसार शुक्रबार राति भूकम्प जाँदा माथिल्लो दुई कोठामा आमा र ठूल्दाइ सुत्नु भएको थियो भने तल उहाँको तीन जना परिवार। भूकम्पले घर हल्लाउँदा यमुनालाई भने सपनामा आफू काँपेको झैँ लागेको थियो । जब अचानक घरको माथिल्लो भाग खस्यो त्यसपछि सबै घर भत्कियो।

भाग्न नपाउँदै घरले उहाँको परिवारका सबै सदस्यलाई पुरिसकेको थियो । उहाँले थरथर ओठ कमाउँदै आफ्ना पीडा सुनाउनुभयो, " हामी भाग्नै पाएनौं। म, मेरो श्रीमान र छोरालाई त माथिबाट खसेर तेर्सिएको काठले बचाएको हो ।" शनिबार दिउँसो अस्पतालको प्राङ्गडमा बिरामी श्रीमान्‌लाई खाना बोकेर जाँदै गर्नुभएकी यमुनाले श्रीमान्‌को दाँहिने कोखामा काठले चोट लागेको बताउनुभयो। भूकम्पमा परेर उहाँको दाँहिने टाउकोमा र दाहिने खुट्टामा पनि चोट लागेको छ।



यमुना विस्तारै हिंडडुल गर्न सक्नुहुन्छ भने उहाँको श्रीमान्‌लाई नेपालगञ्जस्थित भेरी अस्पतालमा भर्ना गरिएको छ। छोरालाई खासै चोट नलागेको हुनाले यमुनाले छिमेकीको भरमा जाजरकोट नै छाड्नु भएको छ। एउटै घरमा साँझको खाना खाएर सँगै सुतेका आमा र दाइलाई गुमाउनु पर्दाको पीडाले सताएको त छ नै । नसोंचेको घटना भयो । आमा र दाइलाई गुमाउनु पर्दा असैह्य पीडा भएको यमुनाले रुँदै बताउनुभयो । उहाँ भन्नुहुन्छ, "अस्पतालसम्म श्रीमान्‌लाई ल्याएर उपचार गराउन पाएकोमा उहाँलाई केही हलुको भएको छ । अब त उहाँलाई केही हुँदैन जस्तो लागेको छ।" छोरालाई अरुको जिम्मा लाएर आफू नेपालगञ्ज श्रीमान्‌को उपचारमा आएकी यमुनालाई भूकम्पले अझै तर्साइरहेको बताउनुहुन्छ। उहाँ बेलाबेलामा एकोहोरो हुने, डराइरहेको जस्तो देखिनुहुन्छ।

नलगाड नगरपालिका-१ जाजरकोटका यादव महराको अवस्था पनि उस्तै छ। भूकम्पले गाउँमा धेरैको ज्यान गए पनि उहाँका परिवारका सबै सदस्य सकुशल नै छन्। छोराको टाउकोमा भने चोट भने लागेको छ। "भूकम्प जाँदा होश नै भएन । बचाउन त सबै परिवारलाई बचाएँ तर छोरालाई टाउकोमा चोट लाग्न पुग्यो । अस्पतालसम्म आइपुगेका छौँ । केही दिनमा ठीक होला भन्ने विश्वास छ", उहाँ भन्नुहुन्छ।

छोरालाई पीडामा छट्पटाएको देख्न सकिरहेको छैन भन्नुहुन्छ यादव। सानो छोरालाई चोट लाग्नुभन्दा बरु आफूलाई किन लागेन भन्दै अस्पतालको सिंढी बसेर रोइरहनु भएका यादवले उपचारमा खटिनुभएका चिकित्सकसँग जसरी भए पनि छोरालाई निको बनाइदिन आग्रह गर्दै गरेको दृश्यले सबैलाई भावुक बनाइरहेको हुन्छ। "भूकम्प जाँदा हामी सबैजना घरमै सुते पनि निदाएका भने थिएनौं । एक्कासी भूकम्प गएको क्षणभरमै घर भत्कियो । मैले चनाखो भएर भत्किएको घरबाट आफना बच्चाहरु र श्रीमतीलाई निकाल्न सफल भएँ। तर मेरा साढे तीन वर्षको छोरोलाई भत्किएको घरको ढुङ्गाले टाउकोमा चोट लाग्यो" यादवले रुँदै छोरालाई लागेको चोटको कथा सुनाउनुभयो। यादव जस्तै भूकम्पमा परी घाइते भएकाहरु अस्पतालभित्र अर्धचेत अवस्थामा शय्यामा छन् भने उहाँहरुका आफन्तजन र परिवारका सदस्यहरु बाहिर घाइतेहरुको शिघ्र उपचारको आशामा पर्खाइमा छन्।

यमुना र यादव जस्तै सुवर्णा शाह पनि आफ्नो २१ वर्षीया छोरी ईशा शाह पनि चाँडै निको भएर घर फर्कने पर्खाइमा हुनुहुन्छ । ईशालाई भूकम्पले टाउको, घाँटी र हात खुट्टामा चोट लागेको छ।

दसैं मनाउन आमा सुवर्णासँगै जाजरकोट मामाघरमा जानुभएकी ईशा आफ्नो सानी आमाका दुई दिदीबहीनीहरुसँगै रातिको खाना खाएर सुत्नु भएको थियो । आफ्नो छोरी ईशासँगै बहिनीहरुका दुई छोरी पनि भूकम्पमा परी मृत्यु भएको सुवर्णाले भावविभोर हुँदै सुनाउनुभयो । "हामी दसैं मनाउन माइती गाउँ जाजरकोट गएका थियौँ । यही आइतबार फर्कने हाम्रो तयारी थियो।

तर भूकम्पले हाम्रो परिवारको मुटु चुँडालेर गयो", सुवर्णाले रुँदै पीडा पनि सुनाउनुभयो। उहाँका एक छोरी र एक छोरी हुनुहुन्छ। सपरिवार नै दसैं मनाउन जाजरकोट जानुभएकी सुवर्णा र छोरालाई चोट लागे पनि छोरी ईशा भने गम्भीर घाईते भएको उहाँले बताउनुभयो । "चोट त हामीलाई पनि लागेको छ तर धेरै चोट मेरी छोरीलाई लागेको छ। भगवान्‌सँगै छोरीलाई केही पनि नहोस्, उनलाई चाँडै निको भइदियोस् भनेर प्राथना गरिरहेको छु। भाग्यले उनलाई बचाएको छ। अब डाक्टरले पनि बचाई दिनु हुनेछ भन्ने आशा छ", सुवर्णाले छोरीको मायमा रुँदै भन्नुभयो।

चन्दा शाह पनि भूकम्पमा परी घाइते हुनुभएका श्रीमान् चाँडै नै निको हुने आशामा हुनुहुन्छ । भेरी नगरपालिका-३ खलङ्गा जाजरकोटका ४८ वर्षीय चन्दाका श्रीमान् विमलकुमार कार्कीको पनि दाँहिने खुट्टा भाँचिएको छ । विमल शनिबार बिहान भेरी अस्पतालमा उपचारका लागि पुग्नुभएको पहिलो बिरामी हुनुहुन्छ।

परिवारबाट १० वर्षदेखि अलग बस्दै आउनुभएका कार्कीलाई उहाँकी पत्नी चन्दा शाह कार्कीले अस्पताल पुऱ्याउनुभएको थियो । चन्दालाई पनि यमुनालाई जस्तै श्रीमान्‌को रेखदेख गर्न र खानाको जोहो गर्न भ्याइनभ्याइ भएको छ। "भूकम्पले मेरो श्रीमान्‌लाई घाइते बनाएपनि त्यसको पीडा मलाई र मेरो चार सन्तानलाई अझ बढी भएको छ", श्रीमती चन्दाले रुँदै भन्नुभयो।

विमल खलङ्गाको पीपलडाँडामा एक्लै बस्दै आउनु भएको थियो भने चन्दा चार छोरीसँगै १० मिनेटको दूरीमा बस्ने गर्नुहुन्थ्यो। आफ्नो परिवारको सहारा नै श्रीमान् भएको हुनाले भूकम्पमा परेर उनै श्रीमान् नै घाइते भएको हुँदा चन्दालाई आफ्नो परिवारमा ग्रहण लागे जस्तै भएको छ । जाजरकोटलाई केन्द्रबिन्दु बनाएर आएको भूकम्पमा परी घाइते भएका जाजरकोटबाट ३८ जनाको अहिले नेपालगञ्जको भेरी अस्पतालमा उपचार भइरहेको छ । अर्का एकजनाको कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको छ । शुक्रबार एक जनाको उपचारका लागि अस्पताल ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताउनुभयो । प्रजिअ पोखरेलका अनुसार शनिबार राति साढे बाह्र बजेसम्म थप छ जनालाई उपचारका लागि अस्पताल ल्याइएको छ। उपचाररत बिरामीको अवस्था सुधारोन्मुख र खतरामुक्त रहेको पनि उहाँले जानकारी दिनुभयो।

प्रजिअ पोखरेलले हिजो शुक्रबार नै नौ जना डाक्टरको टोलीसहित आवश्यकीय औषधिहरु रुकुमको चौरझारीमा पठाइसकेको पनि बताउनुभयो । भेरी अस्पताल, सैनिक अस्पताल र प्रहरी अस्पतालमा एक सय पाँच वटा शय्या तयारी अवस्थामा राखिएको छ । कोहलपुर मेडिकल कलेजलाई पनि तयारी अवस्थामा रहन भनिएको छ । पर्याप्त मात्रामा डक्टर, नर्सिङ स्टाफ र अन्य आवश्यक सामग्रीको प्रबन्ध मिलाइएको छ । हेलिकप्टरबाट आउने बिरामीका लागि राझा बिमानस्थल र सैनिक ब्यारेकको हेलिप्याडमा दुई/दुई वटा एम्बुलेन्स तैनाथ गरिएको छ।

बिरामीलाई रगतको अभाव हुन नदिन केही पिन्ट रगत मौज्दात रहेको छ । अपुग भएमा ताजा रगत आपूर्तिको लागि रक्तदाताको व्यवस्था मिलाइएको अस्पतालले जनाएको छ । समितिका अध्यक्ष शाहले अस्पतालको नयाँ भवनको भूईँतलामा भूकम्पबाट घाइते बिरामीलाई उपचार गर्न आवश्यकताअनुसार शय्या तयारी अवस्थामा राखिएको बताउनुभयो । जाजरकोट र रुकुमपश्चिममा अहिलेसम्म डेढ सयभन्दा बढीले ज्यान गुमाएका छन् ।रासस

# नेपाल विश्वकै ठूलो सुरक्षाप्रदायक राष्ट्र : सुरक्षाविद् थापा

काठमाण्डु । सुरक्षाविद् चिरनजङ्ग थापाले नेपाल विश्वकै एक ठूलो सुरक्षा प्रदायक देश रहेको बताउनुभएको छ । उहाँले विश्वका ठूला आणविक हतियार सम्पन्नसहित अधिकांश मुलुकका लागि नै नेपाल एक ठूलो सुरक्षा प्रदायक देशका रूपमा भूमिका निर्वाह गरिरहेको बताउनुभएको हो ।

भारतको राजधानी नयाँ दिल्लीमा हालै




आयोजित सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम 'चाणक्य डायलग' मा मुख्यवक्ता (कि नोट स्पिकर) का रूपमा सहभागी थापाले विश्वका प्रमुख पाँच आणविक हतियारसम्पन्न मुलुकमा सुरक्षाका क्षेत्रमा विशेष योगदान दिइरहेको दाबी गर्नुभयो ।

"भारत, बेलायत, फ्रान्स, अमेरिका, रसियालगायत विभिन्न मुलुकमा नेपाली सेनालगायत विभिन्न सुरक्षा अङ्ग तथा संयन्त्रमा सेवारत छन्", उहाँले भन्नुभयो, "त्यसका साथै विश्वका ६८ भन्दा बढी मुलुकमा सुरक्षागार्डका रूपमा काम गर्ने सङ्ख्या हेर्दा नेपाल विश्वका अधिकांश मुलुकका लागि सुरक्षा प्रदायक मुलुकका रूपमा काम गरिरहेको छ ।" उहाँले नेपाल संयुक्त राष्ट्रसङ्घमार्फत शान्ति सेनाका रूपमा विश्वका विभिन्न देशमा काम गरिरहेकामध्ये दोस्रो ठूलो मुलुक भएको समेत उल्लेख गर्नुभयो । भारतले हालै जी-२० सम्मेलन सफलतापूर्वक सम्पन्न गरेकामा बधाई दिँदै थापाले सो सम्मेलनमा छिमेकी मुलुक बङ्गलादेशलाई निमन्त्रणा गर्दा नेपाललाई नगरेकामा पनि प्रश्न गर्नुभएको थियो । थापाले भारतले हालै चन्द्रमामा सफलतापूर्वक 'चन्द्रयान' अवतरण गराएको खुसी नेपालीले पनि मनाएको उल्लेख गर्नुहुँदै भारत सदियौँदेखि विश्वको केन्द्र रहेको बताउनुभयो ।

थापाले शक्ति कहिल्यै पनि स्थायी नहुने भन्दै आजका दिनमा शक्तिशाली मुलुक भोलि अर्थात् सधैँ शक्तिसम्पन्न भएर रहन नसक्ने दलिल पनि पेस गर्नुभयो । उहाँले शक्तिको परिभाषा दिँदै कुनै पनि व्यक्ति, समाज या देश शक्तिशाली ठहरिने आधारहरू समय समयमा परिवर्तनशील भइरहने उदाहरण पनि प्रस्तुत गर्नुभयो ।

उहाँले नेपाल विश्वको सबैभन्दा पुरानो मानवसभ्यता भएको मुलुक हो भन्दै अनुसन्धान गरे यसका प्रशस्त दृष्टान्त भेटिने दाबी गर्नुभयो । प्रसिद्ध ग्रन्थ महाभारत तनहुँमा लेखिएको तथ्य पेस गर्दै रामायण लेख्ने वाल्मीकि र अठार पुराणका व्याख्याता व्यासदेखि लिएर कैयन् ऋषिका आश्रम नै नेपालमा रहनु, राजा जनक र सीताको पौराणिकता एवं नेपालको कालीगण्डकी क्षेत्रमा मात्र पाइने शालग्रामको पुरातात्विक र धार्मिक महत्व यसका केही प्रमाणहरू हुन् भन्नुभयो ।

सो कार्यक्रममा थापाले भारतको अर्थतन्त्र र सुरक्षा दुवै क्षेत्रमा नेपालको ठूलो योगदान रहेको पनि उल्लेख गर्नुभयो । भारतीय सेनामा गोर्खा रेजिमेन्टअन्तर्गत ४० हजार र अन्य सुरक्षा सेवामा ५० हजार नेपाली कार्यरत रहेको उल्लेख गर्नुहुँदै थापाले प्रशासनिक सेवामा पनि ३० हजार नेपाली कार्यरत रहेको बताउनुभयो ।

"भारतमा सबैभन्दा बढी रेमिट्यान्स भित्रने मुलुकमा नेपाल सातौँ स्थानमा पर्छ", उहाँले भन्नुभयो, "व्यापारका हकमा नेपाल भारतका लागि १० औँ ठूलो बजार भएकाले भारतको अर्थतन्त्र र सुरक्षा क्षेत्रमा नेपालको योगदान छ ।" उहाँले नेपालमा हजाम, सिकर्मी, डकर्मी, इँटाभट्टा, तरकारी र फलफूल बिक्रीलगायत क्षेत्रमा ठूलो सङ्ख्यामा भारतीय श्रमिक काम गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले भारतको अर्थतन्त्रमा नेपालको विशेष योगदान रहेको बताउनुभयो ।

सो अवसरमा उहाँले नेपाल र भारतको सम्बन्ध ऐतिहासिक र महत्वपूर्ण रहेको भन्दै नीतिनिर्माण गर्दा आपसी सम्बन्ध र यसको महत्वलाई ध्यान दिन सुझाव दिनुभयो । उहाँले दुई देशबीचको आपसी सम्बन्ध सदियौँदेखि रही आएको भन्दै सम्बन्ध बलियो बनाउँदै जानुपर्नेमा जोड दिनुभयो ।रासस

# जनताको स्वास्थ्य र सुरक्षाप्रति सरकार संवेदनशील रहेको छ : मुख्यमन्त्री कार्की



मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले जनताको स्वास्थ्य र सुरक्षाप्रति सरकार संवेदनशील रहेको बताउनु भएको छ । धनकुटास्थित कोशी प्रदेश स्वास्थ्य निर्देशनालयद्वारा मंगलबार विराटनगरमा आयोजित आर्थिक वर्ष २०७९/८० मा सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको प्रदेशस्तरीय एकीकृत वार्षिक समीक्षा गोष्ठी शुभारम्भ गर्दै उहाँले बजेट प्रतिस्थापन विधेयकमार्फत स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी फरक ढङ्गले कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले जनसेवा र जनसुरक्षामा कमी हुन नदिन नयाँ स्वास्थ्य सुरक्षा नीति चाँडै घोषणा गरिने जानकारी दिनुभयो । उहाँले स्वास्थ्यकर्मी सरकारको अङ्ग भएकाले जनउत्तरदायी भएर कार्य गरेमा मात्र सरकारको सफलता देखिने विचार व्यक्त गर्नुभयो । जनतालाई स्वस्थ बनाउन सेवा प्रवाहमा कुनै किसिमको हेलचेक्रयाई नगर्न निर्देशन दिँदै मुख्यमन्त्री कार्कीले नैतिकवान् भएर स्वास्थ्य सेवा उपलब्ध गराउन आग्रह गर्नुभयो ।

उहाँले आफ्नो ध्यान सरकार टिकाउनु नभइ सुशासन कायम गरी जनअधकारप्रति उत्तरदायी भएर कार्य गर्नु रहेको विचार पनि व्यक्त गर्नुभयो । प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक ज्ञानबहादुर बस्नेतले स्वास्थ्य कार्यक्रमहरूको प्रगति समीक्षा प्रस्तुत गर्दै प्रदेश स्वास्थ्य ऐन आए पनि नीति र नियमावली नबनेका कारण स्वास्थ्य योजना बनाउन समस्या भएको बताउनुभयो ।रासस

# गणतन्त्रलाई सबल बनाउन भूमिका खेल्ने शीर्ष नेताको प्रतिबद्धता

काठमाण्डु । मुलुकको राजनीतिक परिवर्तनका लागि एकताबद्ध भएर सङ्घर्ष गरेका राजनीतिक दलका शीर्ष नेतृत्वले जनताको बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई थप मजबुद बनाउन भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आह्वानमा सिंहदरबारमा बाह्रबुँदे सहमति, शान्ति प्रक्रिया र संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका दलका नेताबीच गणतन्त्रलाई सुदृढीकरण गर्दै अघि बढ्ने सहमति भएको प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिनुभयो ।

शीर्ष नेताले दलहरूबीच आपसी मतभेद भए पनि एकताबद्ध हुँदै लोकतन्त्रको सुदृढीकरण गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभएको उहाँले बताउनुभयो । बैठकमा सहभागी दलका नेताहरूले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामाथि भइरहेका आक्रमणको समीक्षा गर्दै प्राप्त उपलब्धिलाई सबल बनाउन आगामी दिनमा बुहपक्षीय र द्विपक्षीय छलफल गर्दै अघि बढ्ने सहमति गरेको उहाँको भनाइ छ ।

"छलफलमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति नेताहरूले बलियो प्रतिबद्धता व्यक्त गर्नुभयो, प्राप्त उपलब्धिलाई थप सबल बनाउन आ-आफ्नो तहबाट भूमिका खेल्ने उहाँहरूको सामूहिक प्रतिबद्धता थियो", उहाँले भन्नुभयो । शीर्ष नेताले भूकम्पलगायत प्राकृतिक प्रकोपबाट पीडितलाई प्रभावकारी ढङ्गबाट राहत र उद्धारका काम अगाडि बढाउन सरकारलाई सुझाव दिनुभएको थियो ।

उहाँहरूले पछिल्ला समय सामाजिक सञ्जालबाट संविधान, लोकतन्त्र, राजनीतिक प्रणाली, नेतृत्वकाविरुद्ध भइरहेका दुष्प्रचारबारे सरकारको ध्यानाकर्षणसमेतगराउनुभएकोथियो। सो अवसरमा प्रधानमन्त्री दाहालले सरकार विद्यमान कानुनअनुसार सामाजिक सञ्जालको गलत प्रयोगलाई नियमन गरेर मर्यादित समाज निर्माण गर्न लागिपरेको बताउनुभएको थियो ।

छलफलमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईलगायतका शीर्ष नेताको उपस्थिति थियो ।रासस

# विपत् व्यवस्थापन र प्रतिकार्य सरकारको प्राथमिकतामा: मुख्यमन्त्री पाण्डे

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपत् व्यवस्थापन र प्रतिकार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ ।



गण्डकी प्रदेश सरकार र नेपाली सेना पश्चिम पृतना हेडक्वाटर्सद्वारा संयुक्त रूपमा विपत्मा खटिने सुरक्षाकर्मीको क्षमता अभिवृद्धिका लागि आयोजित सि.सं.१ फायर फाइटिङ तालिम समापन समारोहमा उहाँले विपद्जन्य घटनाको न्यूनीकरण, सबै संयन्त्रको समन्वयात्मक ढङ्गबाट परिचालन तथा प्रतिकार्य गर्न र पीडितलाई राहत प्रदान गर्न सरकार सदैव तयार रहेको बताउनुभयो ।

"विपद् व्यवस्थापनका लागि प्रदेश सरकारले वार्षिक रूपमा आर्थिक स्रोतसमेत सुनिश्चित गर्दै आएको छ", मुख्य मन्त्री पाण्डेले भन्नुभयो, "जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुरोध भई आएका विषयमा राहत तथा क्षतिपूर्ति वितरण, विपद् उद्धारका लागि प्रयोग हुने सामग्रीहरू वितरण, विभिन्न किसिमका विपद् नमूना अभ्यास, कम्युनिटी सर्च एन्ड रेस्क्युजस्ता तालिमहरू सञ्चालन हुँदै आएको छ ।"

विपद् व्यवस्थापन र प्रतिकार्यमा नेपाली सेना तथा सबै सुरक्षा निकायले समन्वयात्मक रूपमा निर्वाह गर्दै आएको भूमिकाको प्रशंसा गर्दै उहाँले यस तालिमले सबै सुरक्षा निकायको आगलागी नियन्त्रण क्षमता अभिवृद्धिसँगै उद्धारमा संलग्न हुने सम्पूर्ण निकायमा आत्मविश्वास वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

गत वर्ष गण्डकी प्रदेशमा दुई सय ७० स्थानमा आगलागी हुँदा १० जनाको मृत्यु, ३९ जना घाइते हुनाका साथै अनुमानित रु आठ करोड ८४ लाख ६१ हजार बराबरको क्षति भएको थियो ।

पश्चिम पृतना हेडक्वाटरका पृतनापति दीपक बानियाँले गण्डकी प्रदेश सरकारको पहलमा गरिएको यस तालिमले विपत् व्यवस्थापन एवम् प्रतिकार्यमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सरोकारवाला निकायसँग सहकार्य गर्दै विपत् व्यवस्थापन एवम् प्रतिकार्य गर्दै आइएको र सरोकारवाला निकायको सहकार्य तथा समन्वयबाट विपद् जोखिमी न्यूनीकरणसँगै विपत् प्रतिकार्यलाई प्रभावकारी बनाउन सकिने उहाँले बताउनुभयो ।

पृतना तालिम अधिकृत प्रमुख सेनानी विक्रमदेव गिरीले गण्डकी प्रदेश सरकारको वार्षिक विकास कार्यक्रमअन्तर्गत विपद् उद्धारमा खटिने सुरक्षाकर्मीको क्षमता अभिवृद्धिका लागि पृतना हेडक्वाटरमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका शिक्षार्थीलाई सहभागी गराई कात्तिक १३ गतेदेखि आठदिने फायर फाइटिङ तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

तालिममा गण्डकी प्रदेशस्थित नेपाली सेनाका ३०, नेपाल प्रहरीका १० र सशस्त्र प्रहरी बलका १० गरी ५० जनाको सहभागिता थियो । कार्यक्रममा फायर फाइटिङको विभिन्न नमूना अभ्यास गरिएको थियो । रासस

# कांग्रेसद्वारा उद्धार, राहत र पुनःनिर्माणका लागि तत्कालीन र अल्पकालीन सुझाव

काठमाण्डु । नेपाली कांग्रेसले सरकारलाई भूकम्पपश्चात् राहत, पुनःस्थापना र पुनःनिर्माणलाई थप व्यवस्थित बनाउन सुझाव दिएको छ । पार्टी सभापति शेरबहादुर देउवाको नेतृत्वमा पदाधिकारीसहितको कांग्रेस प्रतिनिधिमण्डले मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माणका लागि तत्कालीन र अल्पकालीन उपाय अपनाउन सुझाव दिएको हो ।

पार्टीले भूकम्पलगत्तै सरकारले सक्रियतापूर्वक निर्वाह गरेको भूमिकाको प्रशंसासमेत गरेको छ । जाजरकोट केन्द्र बनाई गएको भूकम्पले जाजरकोट र पश्चिम रूकुममा ठूलो जनधनको क्षति भएको छ । तत्कालीन र अल्पकालीन काम १२ बुँदामा र पुनःनिर्माणका काम नौ बुँदामा सरकारलाई सुझाव दिइएको पार्टीको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहाललाई सुझाव दिन सभापति देउवा, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, प्रचार विभाग प्रमुख विश्वकर्मा र योजना आयोगका पूर्वउपाध्यक्ष डा गोविन्द पोखरेलसहित बालुवाटारस्थित प्रधानमन्त्री निवास पुग्नुभएको थियो ।

राहत, उद्धार र पुनःस्थापनाको कार्यमा एकद्वार प्रणालीमार्फत प्रदेश सरकार र स्थानीय सरकारलाई नै नेतृत्वदायी भूमिका दिएर सङ्घीय सरकारको अनुगमन र सहजीकरण गर्नु उपयुक्त हुने पनि सुझाउनाका साथै कांग्रेसले भूकम्पपीडितलाई राहतस्वरुप यसअघि घोषणा गरेको रु ५० लाखको चेक पनि हस्तान्तरण गरेको थियो ।रासस

# जनताको स्वास्थ्यलाई ध्यान दिएर काम गरेका छौँ: मन्त्री बस्नेत

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले जनताको आधारभूत स्वास्थ्य सुविधालाई विशिष्ट ढङ्गले अघि बढाउने गरी काम भइरहेको बताउनुभएको छ ।



बागमती प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा भएका स्वास्थ्य क्षेत्रको वार्षिक समीक्षा गोष्ठीको मंगलबार उद्घाटन गर्दै उहाँले जनताको आधारभूत स्वास्थ्यलाई ध्यानमा राखेर सरकारले काम गरेको बताउनुभयो । "संविधानमा शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ", मन्त्री बस्नेतले भन्नुभयो, "संविधान र कानुनमा भनिएजस्तो व्यवहारमा गर्न सकिएको छैन, तर निरन्तर प्रयास जारी छ ।"

आफू स्वास्थ्य मन्त्रालयमा आएपछि सुशासन र पारदर्शी तरिकाले काम गर्नका लागि प्रत्यन्त गरेको भन्दै उहाँले सुविधिसम्पन्न ठाउँ दरबन्दी थुपारेर बस्ने परिपाटीको अन्त्य गरेको बताउनुभयो । "पहुँचका आधारमा दरबन्दी सुगममा मात्र थुपारेर बस्ने परिपाटीको अन्त्य भएको छ, अहिले डाक्टर बाहिर गएर काम गरिरहनुभएको छ", मन्त्री बस्नेतले भन्नुभयो, "म राज्यमन्त्री भएर २२ वर्षसम्म अघि आउँदा देखेको व्यवस्था अहिले अन्त्य भयो, त्यसमा सबैले सहयोग गर्नुभयो ।"

अहिले आधारभूत स्वास्थ्यका लागि २९ हजार नर्स हुनुपर्नेमा एक चौथाइ मात्रै भएको र डाक्टर तीनदेखि पाँच हजार आवश्यक रहेकोमा एक हजार मात्र रहेकाले दरबन्दी बढाउन आफूले पहल गरेको उहाँको भनाइ थियो ।

आफूले मन्त्रालयको बजेट रु १३ अर्बले बढाएकाले अहिले स्थानीय तहलाई पैसा दिन सकिएको बताउनुभयो । मन्त्री बस्नेतले दरबन्दी थप्ने विषयमा अर्थमन्त्रालय र प्रधानमन्त्रीसँग सहमति भइसकेको जानकारी दिनुभयो । स्वास्थ्य क्षेत्रको सुधारका लागिचिकित्साऐनसंशोधनहुनेक्रममा रहेको जानकारी गराउनुभयो ।रासस

# राष्ट्रपतिद्वारा भूकम्पबाट क्षति भएको थाप्लेको निरीक्षण




जाजरकोट । राष्ट्रपति रामचन्द्र पौडेलले जाजरकोटको भेरी नगरपालिका-१ की भूकम्पमा परी घाइते हुनुभएकी सितली कामीलाई जिल्ला अस्पतालमा पुगेर भेट्नु भएको छ । बिरामीसँग स्वास्थ्य अवस्थाबारे जानकारी लिनाका साथै उहाँले बिरामीको गुनासोसमेत सुन्नुभयो ।

सितलीको घर निर्माणका लागि आवश्यक सामग्री उपलब्ध गराइने जानकारी गराउँदै राष्ट्रपति पौडेलले भत्किएका संरचनाको पुनः निर्माण गरिने तर अहिले बाँचेकाहरूको अस्थायी बसोबासको कुरालाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

यसैगरी भेरी-३स्थित थाप्लेमा भूकम्पबाट भत्किएको संरचना अवलोकन गर्नुभएका राष्ट्रीति पौडेलले पहिले आफू उक्त ठाउँमा आएर बसेको स्मरण गर्दै तत्काल यहाँ पुनःनिर्माणको कामलाई तीव्रता दिइने बताउनुभयो । ठाँटीबजारबाट माथिल्लो थाप्लेस्थित भत्किएका घरको बीच बाटो हुँदै भत्किएका घरहरू तथा नलगाड नगरपालिकाको उपप्रमुख सरिता सिंह भूकम्पमा परी मृत्यु भएको थाप्लेको घरसमेत उहाँले अवलोकन गर्नुभयो।

उपप्रधानमन्त्री पूर्णबहादुर खड्का तथा ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत भूकम्पपीडितको उद्धार र उपचारमा लागिरहनुभएकाले अब समस्या समाधान हुँदै जाने र सरकारले सबै समस्या समाधान गर्ने राष्ट्रपति पौडेलले बताउनुभयो । रासस

# नेपालमा लगानी गर्न एसिया प्रशान्त क्षेत्रका व्यवसायीलाई प्रधानमन्त्रीको आग्रह

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुक आर्थिक समृद्धिको मार्गमा रहेकाले नेपालमा लगानी गर्न एसिया प्रशान्त क्षेत्रका व्यवसायीलाई आग्रह गर्नुभएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वमा गएको एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसङ्घका अध्यक्ष पिटर म्याकमुलिन एमसहितको प्रतिनिधिमण्डलसँगको भेटमा उहाँले नेपालको आर्थिक समृद्धिको यात्रामा सहयोग गर्न आग्रह गर्नुभयो ।

नेपालले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय लगानी आह्वान गरिरहेको, नेपालमा लगानीका लागि उपयुक्त कानुन र वातावरण रहेको तथा लगानीकर्तालाई सबै प्रकारका सहयोग गर्न सरकार तयार रहेको प्रधानमन्त्री दाहालले विश्वास दिलाउनुभयो । सो अवसरमा महासङ्घका अध्यक्ष ढकालले ३७औँ 'क्यासी' सम्मेलन नेपालको आर्थिक विकासका मुद्दामा केन्द्रित भएको र सम्मेलन सहयोगी हुने अपेक्षा नेपाली निजी क्षेत्रले गरेको बताउनुभयो । एसिया प्रशान्त क्षेत्रबाट लगानी एवं प्रविधि भित्र्याउन क्यासीमार्फत महासङ्घले पहल गर्ने थप स्पष्ट पार्नुभयो ।

क्यासीका अध्यक्ष पिटरले लगानी आकर्षण एवं आर्थिक व्यावसायिक सम्बन्ध विस्तारमा सहयोग पुर्‍याउन तयार रहेको प्रतिबद्धता जनाउनुभएको महासङ्घले जनाएको छ। भेटवार्तामा अर्थमन्त्री डा प्रकाशशरण महत, मुख्यसचिव डा बैकुण्ठप्रसाद अर्याल र क्यासी पदाधिकारी एवं सदस्यको उपस्थिति थियो । निजी क्षेत्रको प्रतिनिधिमुलुक संस्था नेपाल उद्योग वाणिज्य महासङ्घ यस संस्थाको संस्थापक सदस्य रहेको छ । रासस

# सङ्घीय संसद्को निर्माणाधीन भवन हिउँदे अधिवेशन नै पूरा होस्- सभामुख घिमिरे

काठमाण्डु । सभामुख देवराज घिमिरेले सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवन आगामी हिउँदे अधिवेशनबाटै सञ्चालनमा ल्याउने गरी उपकरण जडानलगायत काम पूरा गर्न निर्देशन दिनुभएको छ । निर्माणाधीन भवनमा जडान गर्न लागिएका साउण्ड सिष्टमसहित बहुप्राविधिक उपकरण र गुणस्तरबारे उत्पादन कम्पनीसँग जानकारी लिँदै उहाँले आगामी दुई महिनाभित्रै भवन निर्माण र उपकरण जडानको काम पूरा गर्न सुझाव दिनुभयो ।



सभामुख घिमिरेले हाम्रो आवश्यकता अनुसार नवीनतम प्रविधिको प्रयोग र जोखिम निराकरणसम्बन्धी विषयमा विशेष ध्यान पुर्‍याउन सचिवालयका पदाधिकारी र कर्मचारीलाई सुझाव दिनुभयो । सहरी विकासमन्त्री सीता गुरुङले सङ्घीय संसद् भवन निर्माणलाई सरकारले उच्च प्राथमिकता दिएर अघि बढाइरहेको जानकारी दिनुभयो। भवन र उपकरण जडानलाई द्रुततासँगै गुणस्तरको प्रश्नलाई पनि त्यतिकै हेक्कामा राख्न आवश्यक रहेको बताउँदै उहाँले भन्नुभयो, "हामीले काम चलाउभन्दा गुणस्तरमा बढी ध्यान दिनुपर्छ भन्ने पाटोमा गम्भीर छौँ ।" सहरी विकास मन्त्रालय र निर्माण कम्पनी 'टुण्डी सेक ज्वाइन्ट भेञ्चर'बीच विसं २०७६ असोज १६ गते भएको सम्झौताअनुसार समयमै काम भएको भए यसअघि नै सो भवनमा सदन सञ्चालन भइसक्ने थियो । एक सय ५१ रोपनीमा ठूला साना गरी ११ वटा भवन निर्माण गर्नुपर्नेमा हालसम्म ११ वटाको छानासम्मको काम भएको छ ।

आगामी हिँउदे अधिवेशनसम्ममा पाँच वटा भवन तयार हुने ठेकेदार कम्पनीले बताउँदैआएको छ । सञ्चार, साउण्डसिष्टम र उपकरण जडानसम्बन्धी जिम्मेवारी प्राप्त गरेको जर्मनको टेलिभाइस कम्पनीले दक्षिण एशियामै नयाँ उपकरण जडान हुने गरी सभाकक्षसहितको जिम्मेवारी पूरा गर्ने अठोट व्यक्त गरेको छ ।

आयोजना निर्देशक मच्चाकाजी महर्जनले छ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी धमाधम काम भइरहेको तथा सदनमा नवीनतम र गुणस्तरीय उपकरण जडानको काम अघि बढिरहेको बताउनुभयो । परियोजनाअन्तर्गत प्रतिनिधिसभा भवन, राष्ट्रियसभा भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन् ।रासस

# मुद्रास्फीति नियन्त्रण गर्न अस्ट्रेलियाद्वारा ब्याजदरमा वृद्धि

**एएफपी**

सिड्नी । अत्यधिक उच्च मुद्रास्फीतिमाथि नियन्त्रण गर्न अस्ट्रेलियाको केन्द्रीय बैंकले मङ्गलबार प्रमुख ब्याज दरलाई करिब १२ वर्षको उच्चतम स्तरमा बढाएको छ । रिजर्व बैंक अफ अस्ट्रेलियाले नगद दरलाई एक चौथाइ प्रतिशतले कडाइ गरेर चार दशमलव ३५ प्रतिशत बनाएको छ। यो सन् २०११ पछिको उच्चतम स्तर हो । पाँच महिनामा यो पहिलो वृद्धि थियो र सेप्टेम्बरमा केन्द्रीय बैंकको गभर्नर पद सम्हालेपछि मिसेल बुलकको नेतृत्वमा यो पहिलो वृद्धि हो ।

पछिल्लो आँकडाले सेप्टेम्बर ३० देखि तीन महिनाका अवधिमा वार्षिक मुद्रास्फीति अपेक्षा गरिएको भन्दा बढी पाँच दशमलव चार प्रतिशतले भइरहेको अवस्थामा मुद्रास्फीतिमाथि नियन्त्रण गर्न गभर्नर बुलकले कदम चाल्ने व्यापक अपेक्षा गरिएको थियो । "अस्ट्रेलियामा मुद्रास्फीतिले आफ्नो चरम सीमा पार गरिसकेको छ तर अहिले पनि यो अत्यधिक ठूलो छ, केही महिनाअघिको अपेक्षाभन्दा लगातार बढिरहेको छ", उहाँले एक विज्ञप्तिमा भन्नुभयो, "मुद्रास्फीति उचित समय सीमामा लक्ष्यमा आउने सुनिश्चित गर्नका लागि मौद्रिक नीतिलाई अझ कडा बनाउन आवश्यक छ वा छैन भन्ने कुरा तथ्याङ्क र जोखिमहरूको विकसित आकलनमा निर्भर गर्नेछ ।"

केन्द्रीय बैङ्कले सन् २०२५ को अन्त्यसम्ममा मुद्रास्फीतिलाई दुईदेखि तीन प्रतिशतमा फर्काउने प्राथमिकता रहेको उल्लेख गरेको छ । कोभिड-१९ महामारी र युक्रेन युद्धले मुद्रास्फीतिलाई बढावा दिँदा र केन्द्रीय बैंक प्रमुख ब्याज दरलाई आफ्नो अघिल्लो तल्लो स्तर शून्य दशमलव एक प्रतिशतबाट बढाउन बाध्य भएका कारण सन् २०२२ मेमा मुद्रास्फीति वृद्धिको शृङ्खलामा ब्याज दर बढाउने यो नयाँ कदम हो ।

# जी-७ विदेशमन्त्रीहरूको बैठकमा भाग लिन ब्लिङ्केन जापानमा

**एएफपी**

टोक्यो । जी-७ विदेशमन्त्रीहरूको बैठकमा भाग लिन मङ्गलबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केन जापान आइपुग्नुभएको छ । बैठकमा इजराइल-हमास युद्धको विषयले प्रमुख वर्चस्व पाउने अपेक्षा गरिएको छ। मध्यपूर्वको अतिशीघ्र भ्रमणपछि टोक्योमा दुई दिवसीय बैठकका लागि पुग्नुभएका उहाँले कुनै सार्वजनिक टिप्पणी गर्नुभएको छैन ।



हमासका लडाकूहरूले अक्टोबर ७ मा गाजापट्टीबाट इजराइलतर्फ गरेको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सयको ज्यान गएपछि इजराइली सेनाले त्यसयता गाजामा निरन्तर बमबारी गर्दै आएको छ । इजराइलको हमलामा चार हजारभन्दा बढी बालबालिकासहित मर्नेहरूको सङ्ख्या गाजामा १० हजार नाघेको हमास सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घसहित थुप्रै देशले दुवै पक्षलाई युद्धविरामका लागि आग्रह गरिरहेका छन् । इजराइलको प्रमुख सहयोगी अमेरिकाले ती आग्रहलाई समर्थन गरेको छैन । उसले इजराइललाई जवाफ दिने अधिकार भएकामा जोड दिएको छ। यद्यपि अमेरिकाले युद्ध रोक्न आह्वान गरेको छ ।

सोमबार टर्कीमा विदेशमन्त्री ब्लिङ्केनले युद्धमा फसेका नागरिकहरूको सहयोगका लागि वासिङ्टनले अत्यन्त आक्रामक तरिकाले काम गरिरहेको बताउनुभएको थियो । कुनै विवरण उल्लेख नगरी उहाँले भन्नुभयो, "आगामी दिनमा सहयोग उल्लेखनीयरूपमा बढ्न सक्छ भन्ने मलाई लागेको छ।" जी-७ मा रहेका अमेरिका, जापान, फ्रान्स, बेलायत, इटाली, जर्मनी र क्यानाडाका मन्त्रीहरू युक्रेन सङ्घर्षका साथै चीनसँगको सम्बन्धका बारेमा पनि विचारविमर्श गर्न तयार रहेका छन् ।

# बर्खास्त भएको क्रिकेट बोर्ड श्रीलङ्काली अदालतद्वारा पुनःस्थापित

**एएफपी**

कोलम्बो । श्रीलङ्काको पुनरावेदन अदालतले मङ्गलबार क्रिकेट बोर्ड बर्खास्त गर्ने खेलमन्त्रीको निर्णयलाई खारेज गरेको छ । साथै अदालतले पूरा सुनुवाइ नभएसम्म निष्कासित अधिकारीहरूलाई पुनरबहाली गरेको छ ।




सोमबार श्रीलङ्का क्रिकेट बोर्डलाई बर्खास्त गर्ने र एउटा अन्तरिम समिति नियुक्त गर्ने मन्त्री रोशन रणसिङ्घेको कदमलाई चुनौती दिँदै बोर्डका अध्यक्ष शम्मी सिल्भाले दायर गर्नुभएको निवेदनलाई अदालतले स्वीकार गरेको छ । "अदालतले मुद्दाको पुनः सुनुवाइ नगरेसम्म बोर्डको पुनःस्थापना दुई साताका लागि हो", अदालतका एक अधिकारीले भने ।

अदालतले पूर्वकप्तान अर्जुना रणतुङ्गाको अध्यक्षताको अन्तरिम समितिलाई कार्यालयमा निरन्तरता दिन रोक लगाउने आदेश प्राप्त गरेपछि सिल्भा काममा फर्किनुहुने बोर्डका अधिकारीहरूले बताएका छन् । सरकारले बोर्डका 'थाती मुद्दाहरू' सम्बोधन गर्न एउटा क्याबिनेट समिति पनि नियुक्त गरेको छ। विश्वकप प्रतियोगितामा भारतसँग श्रीलङ्काको लज्जास्पद पराजयपछि खेलमन्त्रीले यस्तो कदम चाल्नुभएको थियो। व्यापक भ्रष्टाचारको आरोपमा महिनौँदेखि आर्थिक सङ्कटमा परेको मुलुकको सबैभन्दा धनी खेल संस्था श्रीलङ्का क्रिकेट बोर्ड र मन्त्रीबीच विवाद कायम छ ।

सन् १९९६ को विश्वकप विजेता श्रीलङ्काका पूर्वकप्तान रणतुङ्गाले सोमबार पदभार सम्हालेपछि बोर्डको छवि सुधार्ने र राष्ट्रिय टिमको पुनरनिर्माण गर्ने वाचा गर्नुभएको थियो । "श्रीलङ्का क्रिकेटलाई देशको सबैभन्दा भ्रष्ट संस्थाका रूपमा चिनिन थालेको छ, म त्यो छवि परिवर्तन गर्न चाहन्छु", उहाँले भन्नुभएको थियो ।

# म्यान्मारमा भीषण आगलागी हुँदा ६० भन्दा बढी घरमा क्षति

**सिन्ह्वा**

याङ्गुन । म्यानमारको उत्तरी प्रान्त काचिनमा मङ्गलबार भएको भीषण आगलागीमा परी ६३ घर जलेर नष्ट हुनुका साथै करिब ३०३ जना विस्थापित भएको म्यानमार डिजिटल न्यूजले जनाएको छ।

खुनलानफु शहरको शेन हकावन गाउँमा मङ्गलबार बिहान आगलागी भएको सञ्चारमाध्यमले जनाएका छन् । सेना र स्थानीय बासिन्दाले घण्टौं लामो प्रयासपछि बिहान ५ बजेसम्ममा आगो निभाउन सफल भएका थिए ।

स्थानीय सञ्चारमाध्यमका अनुसार घटनामा कुनै मानवीय क्षति भने भएको छैन । गाउँका एक स्थानीय बासिन्दाले मङ्गलबार सिन्ह्वालाई दिएको जानकारीअनुसार गाउँलेहरूले चीसोमा ताप्न सल्काएको आगोबाट आगलागी सुरु भएको थियो ।

# अहिले निर्वाचनको समय होइन-जेलेन्स्की

**एएफपी**

किएभ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले निर्वाचनका लागि यो सही समय भएको हो भन्ने आफूलाई विश्वास नभएको बताउनुभएको छ । सन् २०२४ मा राष्ट्रपति निर्वाचनका बारेमा तीव्र बहस हुँदै गएपछि रुसी आक्रमणविरुद्ध होमिएको युक्रेनमा निर्वाचन गर्ने सही समय नभएको उहाँको भनाइ थियो ।



गत वर्ष द्वन्द्व सुरु भएदेखि मार्सल लअन्तर्गत आगामी वसन्तमा हुने राष्ट्रपति निर्वाचनसहित सबै निर्वाचन प्राविधिकरूपमा रद्द गरिएको छ । "अहिले रक्षा र युद्धको समय हो भन्ने हामीले निर्धारण गर्नुपर्छ । यसमा राज्य र जनताको भाग्य निर्भर छ", आफ्नो दैनिक सम्बोधनमा उहाँले भन्नुभयो ।

उहाँले देशलाई विभाजित गर्ने नभएर एकताबद्ध हुने समय भएको बताउँदैभन्नुभयो, "अहिले निर्वाचनका लागि सही समय होइन भन्ने मेरो विश्वास छ ।" युक्रेनमा रुसी सेना पसेसँगै युक्रेनी सेनाले जवाफी हमला गरे पनि युद्धरत दुवै पक्षबीच सीमा रेखा करिब एक वर्षदेखि स्थिर रहेको छ । युक्रेनका प्रमुख सहयोगी अमेरिका र युरोपका अधिकारीहरूले २० महिनादेखि जारी सङ्घर्ष अन्त्यका लागि कुराकानी गर्न सुझाव दिएको बताइएको छ।

युक्रेनको जवाफी हमलामा गतिरोध उत्पन्न भएको वा पश्चिमी मुलुक वार्तामा प्रवेश गर्न किएभतिर फर्केको भन्ने कुरालाई राष्ट्रपति जेलेन्स्कीले ठाडै अस्वीकार गर्नुभएको छ । अमेरिका र अन्य सहयोगीहरूले आवश्यकता भएसम्म रुसलाई पराजित गर्न किएभलाई सैन्य र वित्तीय सहयोग जारी रहने सार्वजनिकरूपमा भन्दै आएका छन् । अक्टोबर ७ मा इजराइलमाथि हमासले आक्रमण गरेपछि विश्वको ध्यान मध्यपूर्वतर्फ मोडिएसँगै जेलेन्स्की तीव्र दबाबमा पर्नुभएको छ।

सन् २०१९ को निर्वाचनबाट निर्वाचित राष्ट्रपति जेलेन्स्कीले आवश्यक परेको अवस्थामा आगामी वर्ष राष्ट्रिय निर्वाचन गराउन आफू तयार रहेको सेप्टेम्बरमा बताउनुभएको थियो । उहाँले निर्वाचनका लागि अन्तरर्राष्ट्रिय पर्यवेक्षकहरूलाई अनुमति दिने पक्षमा आफू रहेको समेत उल्लेख गर्नुभएको थियो ।

विदेशमा ठूलो सङ्ख्यामा युक्रेनी र युद्ध मोर्चामा लडिरहेका सैनिकका कारण निर्वाचन गराउन तार्किकरूपमा कठिन हुनसक्छ। युद्ध सुरु भएपछि जेलेन्स्कीको अनुमोदन मूल्याङ्कन उच्च थियो तर युद्धमा एकताबद्ध शक्ति भए पनि मुलुकको राजनीतिक परिदृश्य अस्थिर भएको छ।

रुसविरुद्ध जवाफी हमला सुस्त गतिमा भएकामा जेलेन्स्कीको आलोचना गरेपछि राष्ट्रपतिका पूर्वसहयोगी ओलेक्सी एरोस्टोभिचले आफ्ना पूर्वप्रमुखसँग निर्वाचनमा लड्ने घोषणा गर्नुभएको छ ।

# पहिलो पटक नेपालका दुई टोलीले एकै वर्ष विश्वकप खेल्ने

काठमाण्डु । नेपालका दुई टोलीले पहिलो पटक एकै वर्ष विश्वकप खेल्ने भएका छन् । नेपालको सिनियर र यू१९ टोली दुबैले २०२४ मा विश्वकप खेल्दैछन् ।

नेपालले २०२४ जुन ४ दखी ३० सम्म वेस्टइन्डिज र अमेरिकामा संयुक्त रुपमा आयोजना हुने टि२० विश्वकप खेल्दैछ । उता यू-१९ विश्वकप जनवरी १३ देखी फेब्रुअरी ४ सम्म श्रीलंकामा हुँदैछ। नेपालको दुबै टोलीले निर्णायक खेलमा युएईलाई हराउँदै विश्वकपमा स्थान बनाएका हुन् ।

नेपालले २०१४ मा पहिलो पटक टि२० विश्वकप बंगलादेशमा खेलेको थियो । तर त्यो वर्ष यू१९ टोलीले विश्वकप खेलेको थिएन। त्यसैले नेपालको यू१९ र सिनियर टोलीले एकै वर्ष विश्वकप खेल्नेछन् । सिनियर टोलीले २०१४ र यू१९ टोलीले २०१६ पछि पहिलो पटक विश्वकप खेल्नेछन् ।

नेपालले माथिल्लो मुलपानी मैदानमा आइसिसी टि२० विश्वकप एसिया क्षेत्र फाइनल छनोटको सेमिफाइनल खेलमा युएईलाई ८ विकेटले हराउँदै टि२० विश्वकपमा पुगेको हो । नेपालले दोस्रो पटक विश्वकपमा स्थान बनाएको हो ।

नेपालले समूह चरणमा सिंगापुरलाई ८ विकेट र मलेसियालाई ६ विकेटले हराएको थियो । ओमानसँग पाँच रनले हारेको थियो । फाइनलमा भने नेपाल ओमानसँग नै सुपर ओभरमा पराजित भएको थियो ।

नेपालले २०१४ मा बंगलादेशमा भएको टि२० विश्वकपमा डेब्यू गरेको थियो । त्यो विश्वकपमा नेपालले हङकङलाई र अफगानिस्तानलाई हराएको थियो । नेपाल बंगलादेशसँग पराजित हुँदै सुपर १० मा पुगेको थिएन । त्यसपछि नेपालले विश्वकपमा स्थान बनाउन सकेको थिएन ।

नेपालले गत फागनुमा आइसिसी यू-१९ विश्वकप एसिया क्षेत्र छनोटमा अन्तिम खेलमा युएईलाई ७ रनले पराजित गर्दै ८ वर्षपछि विश्वकपमा पुगेको थियो । सन् १९८८ देखि सुरु भएको यू-१९ विश्वकपमा नेपालले २००० मा डेब्यू गरेको थियो ।

नेपालले २००० देखि २०१६ सम्म ७ पटक यू१९ विश्वकप खेलेको थियो । नेपालले २००० देखि २००८ सम्म पाँच संस्करण विश्वकप लगातार खेलेको थियो । त्यसपछि २०१२ र २०१६ मा यू-१९ विश्वकप खेलेको थियो । नेपालले २०१०, २०१४, २०१८, २०२० र २०२२ को यू-१९ विश्वकप गुमाएको थियो ।

# गाजामा इजराइलको अनिश्चितकालसम्म 'समग्र सुरक्षा' भूमिका रहनेछ–नेतान्याहु

**एपी**

खान युनिस । इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले हमाससँगको युद्धपछि गाजामा अनिश्चितकालका लागि इजराइलको 'समग्र सुरक्षा जिम्मेबारी' रहने बताउनुभएको छ । करिब २३ लाख प्यालेस्टिनीको बसोबास रहेको गाजापट्टीमा इजराइलले नियन्त्रण कायम गरिरहने योजना बनाइरहेको यो अहिलेसम्मको सबैभन्दा स्पष्ट सङ्केत हो ।



सोमबार राति प्रसारित एबिसी न्युजसँगको अन्तरवार्तामा उहाँले अक्टोबर ७ मा इजराइलमाथिको हमलामा हमासद्वारा बन्धक बनाइएका दुई सय ४० भन्दा धेरै बन्धकमध्ये केहीलाई रिहा गर्न युद्धमा 'थोरै विराम' गर्ने विषयमा खुला रहेको बताउनुभयो। तर उहाँले सबै बन्धक नभएसम्म कुनै पनि सामान्य युद्धविरामलाई अस्वीकार गर्नुभयो । सोमबार नेतान्याहु र अमेरिकी राष्ट्रपति जो बाइडेनबीच फोनवार्तापछि व्यापक मानवीय विरामका लागि बाइडेनको आह्वानसँग कुनै सम्झौता नभएको ह्वाइट हाउसले बताएको छ। इजराइली सेना एक साताभन्दा लामो समयदेखि गाजाभित्र प्यालेस्टिनी लडाकूहरूसँग लडिरहेको छ । सेना आधा क्षेत्रमा घुसेर गाजा सहरलाई घेरेर बस्न सफल भएको छ ।

युद्धको ठूलो मूल्य चुकाउनुपरेको छ । हवाई हमलामा पूरा सहरका ब्लकहरूलाई नष्ट बनाएको छ र करिब ७० प्रतिशत मानिस आफ्नो घर छाडेर भागेका छन् । थुप्रै सर्वसाधारण इजराइली आदेशको पालना गर्दै गाजाको दक्षिणी क्षेत्रतर्फ गएका छन् । गाजामा खाद्यान्न, औषधि, इन्धन र पानीको कमी भइरहेको छ र संयुक्त राष्ट्रसङ्घद्वारा सञ्चालित स्कुल-आश्रयस्थल सर्वसाधारणले भरिएका छन् ।

हमासले सञ्चालन गरेको गाजापट्टीको स्वास्थ्य मन्त्रालयले चार हजार एक सयभन्दा बढी बालबालिकासहित १० हजारभन्दा बढी प्यालेस्टिनी मारिएको सोमबार बताएको छ । त्यस्तै दुई हजार तीन सयभन्दा बढी सर्वसाधारण बेपत्ता भएका छन र उनीहरू क्षतिग्रस्त भवनहरूको भग्नावशेषमा पुरिएको हुनसक्ने मन्त्रालयले बताएको छ । अक्टोबर ७ मा हमासले गरेको आक्रमणमा इजराइलमा अधिकांश सर्वसाधारणसहित करिब एक हजार चार सयको ज्यान गएको छ। त्यसपछि युद्ध सुरु भएको हो । इजराइलले हमासलाई सत्ताबाट हटाउने र उसको सैन्य क्षमतालाई जरैदेखि उखेल्ने वाचा गरेको छ ।

इजराइलले युद्ध सुरु हुनुभन्दा पहिला छ लाख ५० हजार मानिसको घर भएको गाजा सहरमा ध्यान केन्द्रित गरिरहेको छ । हमाससँग सहरमा एउटा विशाल सुरुङ सञ्जालसहित व्यापक मात्रामा आतङ्कवादी पूर्वाधार संरचना रहेको इजराइलले बताएको छ । हमासले उक्त सुरुङमा सर्वसाधारणलाई मानव ढालका रूपमा प्रयोग गरेको इजराइलको आरोप छ ।

हमासको बाटोमा जान नचाहने मानिसहरूले गाजामा शासन गर्नुपर्ने नेतान्याहुले एबिसी न्युजलाई बताउनुभयो । "मलाई लाग्छ, इजराइलले अनिश्चित कालका लागि समग्र सुरक्षा जिम्मेबारी लिनेछ किनकी यस्तो नहुँदा के हुन्छ भनेर हामीले देखेका छौँ", उहाँले भन्नुभयो, "हामीसँग त्यो सुरक्षा जिम्मेबारी नहुँदा हामीले देखेको भनेको कल्पना पनि गर्न नसक्ने हमासको आतङ्ककारी विस्फोट हो ।"

# नेपाललाई टि२० विश्वकपमा पुर्याउने खेलाडीले जनही १३ लाख पाउने

काठमाण्डु । नेपाललाई २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा हुने टि२० विश्वकपमा पुर्याउने नेपाली क्रिकेट टोलीका खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले नगद पुरस्कार दिन सिफारिस गर्ने भएको छ ।



राखेप कार्यकारी समितिका संयोजक राखेपका सदस्य-सचिव टंकलाल घिसिङको अध्यक्षतामा मंगलबार बसेको बैठकले नगद पुरस्कार सिफारिस गर्ने निर्णय गरेको हो । १५ खेलाडी तथा समान १-१ मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक र फिजियो गरी जम्मा १९ जनाका लागि २ करोड ४ लाख ७५ हजार रुपैयाँ नगद पुरस्कार सिफारिस गर्ने निर्णय भएको छ ।

प्रति खेलाडी १३ लाख, मुख्य प्रशिक्षकका लागि ३ लाख ९० हजार, सहायक प्रशिक्ष, व्यवस्थापक र फिजियोका लागि १ लाख ९५ हजार नगद पुरस्कार सिफासिर गरिएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) ले पनि क्रिकेट टोलीलाई ५० लाख पुरस्कारले सम्मान गर्ने जनाएको थियो। नेपालले टि२० विश्वकप छनोट एसिया समूह चरणमा सिंगापुरलाई ८ विकेट र मलेसियालाई ६ विकेटले हराएको थियो ।

ओमानसँग समूह चरण र फाइनल दुबैमा हारेको थियो । समूह चरणमा पाँच रन र फाइनलमा सुपर ओभरमा पराजित भएको थियो । गत आइतबार नेपालले सेमिफाइनलमा युएईलाई ८ विकेटले हराउँदै नेपालले विश्वकपमा स्थान बनाएको थियो ।

# गार्मेन्ट कामदारको ज्यालामा ५६.२५ प्रतिशत वृद्धि, निर्णयप्रति यूनियनको विमति

**एएफपी**

ढाका । बङ्गलादेशले आफ्ना ४० लाख गार्मेन्ट कामदारको न्यूनतम मासिक ज्यालामा मङ्गलबार ५६.२५ प्रतिशतले वृद्धि गरेको छ । सरकारी निर्णयप्रति मजदूर यूनियनले तत्काल विमति राख्दै विद्यमान ज्यालामा तेब्बर वृद्धि गर्नुपर्ने पूर्ववत् अडान कायम रहेको बताएको छ ।

"गार्मेन्ट फ्याक्ट्रीमा काम गर्ने कामदारहरूको नयाँ न्यूनतम मासिक ज्याला १२ हजार ५०० टाका (११३ अमेरिकी डलर) निर्धारण गरिएको छ," सरकारले नियुक्त गरेको न्यूनतम ज्याला निर्धारण समितिका सचिव राइशा अफरोजले एएफपीसँग बताउनुभयो । बङ्गलादेशका करिब तीन हजार ५०० गार्मेन्ट कारखानाहरूले दक्षिण एसियाली देशको वार्षिक ५५ अर्ब अमेरिकी डलरको निर्यातको लगभग ८५ प्रतिशत हिस्सा ओगटेका छन् ।

बङ्गलादेशले लेभिज, जारा र एच एन्ड एमलगायत फेसन ब्राण्डमा विश्वभर तयारी पोशाक आपूर्ति गर्दछ । तर, यस क्षेत्रका ४० लाख कामदारमध्ये अधिकांशको अवस्था दयनीय छ । न्यून आयभएका कामदारमध्ये अधिकांश महिलाहरू छन् जसको मासिक ज्याला आठ हजार ३०० टाका (७५ अमेरिकी डलर) बाट सुरु हुन्छ । मासिक ज्याला कम्तीमा २३ हजार टाकाको माग गर्दै आएका युनियनहरूले सरकारी निर्णयलाई तत्काल अस्वीकार गरेका थिए ।

युनियनहरूले बङ्लादेशमा मुद्रास्फीति जुनदेखि अक्टोबरसम्ममा करिब १० प्रतिशत बृद्धि भएको र जीवनयापनको लागत आंशिक रूपमा गत वर्षको सुरुदेखि नै बढेको र अमेरिकी डलरको तुलनामा बङलादेशी मुद्रा लगभग ३० प्रतिशतले अवमूल्यन भएको भन्दै तलवमानमा थप वृद्धि हुनुपर्ने बताएका छन् । "यो अस्वीकार्य छ । यो हाम्रो अपेक्षाभन्दा कम हो," बङ्लादेशगार्मेन्ट एन्ड इन्डस्ट्रियल वर्कर्स फेडेरेसनका प्रमुख कल्पोना अख्तरले भन्नुभयो ।

# सन् २०२३ मा चीनको जिडिपी ५.४ प्रतिशतले बढ्नेछ- आइएमएफ

**एएफपी**

बेइजिङ। अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले मङ्गलबार चीनको वास्तविक कूल गार्हस्थ्य उत्पादन (जिडिपी) सन् २०२३ मा पाँच दशमलव चार प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ ।

आइएमएफका प्रथम उपप्रबन्ध निर्देशक गीता गोपीनाथले चीनको भ्रमण गरेपछि जारी गरिएको विज्ञप्तिमा भनिएको छ, "चिनियाँ अर्थतन्त्र सरकारको सन् २०२३ को विकास लक्ष्य पूरा गर्ने मार्गमा छ, यसले कोभिडपछिको सुदृढ सुधारलाई दर्शाउँछ ।" चीनका मिसन प्रमुख सोनाली जैन-चन्द्राको नेतृत्वमा आइएमएफको एउटा टोलीले सन् २०२३ आर्टिकल ४ कन्सल्टेसनमा छलफल गर्न अक्टोबर २६ देखि नोभेम्बर ७ सम्म चीनको भ्रमण गरेको थियो । मिसन टोलीले आर्थिक सम्भावना र जोखिम, सुधारको प्रगति र चुनौती तथा नीति प्रतिक्रियाहरूमा विचार आदानप्रदान गर्नका लागि सरकार, जनता तथा निजी क्षेत्रका प्रतिनिधि र शिक्षाविद्हरूसँग रचनात्मक छलफल गरेको थियो ।

# चेल्सीसँग टोटेनहमको हार

एजेन्सी - इंग्लिस प्रिमियर लिगमा सोमबार लन्डन डर्बीमा चेल्सीले ९ जनामा सिमित टोटनहम हटस्परलाई ४-१ ले हराएको छ । अराजक, तर घटनात्मक खेलमा चेल्सीका लागि निकोलस ज्याक्सनले ह्याट्रिक र अर्को गोल कोल पाल्मरले गरे । खेलमा अग्रता भने टोटनहमले लिएको थियो ।

देजान कुलुसेवस्कीले खेलको छैठौं मिनेटमा घरेलु टोलीलाई अग्रता दिलाएका थिए । तर त्यसपछि भने खेल चेल्सीको तर्फ ढल्कियो । १४औं मिनेटमा टोटनहमका ह्युङ-मिन सनले अग्रता दोब्बर बनाएपनि गोल अफसाइड भएर रद्द भयो । २१औं मिनेटमा चेल्सीका रहिम स्टर्लिङले बराबरी गोल गरे । तर भिडियो असिस्टेन्ट रेफ्रीले गोलमा स्टर्लिङले ह्यान्डबल गरेको भनेर निर्णय दिएपछि गोल मान्य भएन ।

२७औं मिनेटमा पुनः चेल्सीका मोइसेस काइसेडोले बराबरी गोल गरेपनि उनको प्रहारमा ज्याक्सन अफसाइड रहेका कारण गोल मान्य भएन । ३३औं मिनेटमा चेल्सीले पेनाल्टी पायो । टोटनहमका क्रिस्टियन रोमेरोले एन्जो फर्नान्डेज माथि गरेको फाउलका कारण रोमेरोले रेड कार्डको सामना गर्दै मैदान छाड्न परेको थियो । पाल्मरले उक्त पेनाल्टीमा गोल गर्दै खेल बराबरीमा ल्याए ।

३७औं मिनेटमा ज्याक्सनले बललाई पुनः जालि चुमाएका थिए तर उनलाई पास दिएका स्टर्लिङ अफसाइड भएपछि गोल मान्य भएन । पहिलो हाफको अन्तिमतिर १० जनामा सिमित टोटनहमका जेम्स म्याडिसन र मिकी भ्यान डे भेन घाइते हुँदै मैदान बाहिरिए ।

# प्रधानमन्त्री राहत कोषमा कांग्रेसको रु ५० लाख सहयोग



काठमाण्डु । नेपाली कांग्रेसले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ५० लाख सहयोग गरेको छ। कांग्रेसका सभापति शेरबहादुर देउवासहितको पदाधिकारीहरूको प्रतिनिधि मण्डलले मंगलबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई बालुवाटारमा भेटी उक्त रकम बराबरको चेक हस्तान्तरण गरेको हो।

कांग्रेसले भूकम्पपछिको उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माणका लागि नौ बुँदे सुझाव पेश गर्दै सरकारको ध्यानाकर्षण पनि गराएको छ। कांग्रेसले भूकम्पपछिको खोज र उद्धारमा प्रधानमन्त्रीको तदारुकता र तत्परताको प्रशंसा पनि गरेको छ। कांग्रेसले राहत र पुनःनिर्माणका लागि अनुभवी कर्मचारी परिचालन, अस्थायी आवासको व्यवस्था, उद्धार र पुनःस्थापनामा एकद्वार प्रणाली अनुसरण गर्दा प्रदेश सरकार र स्थानीय सरकारलाई नै नेतृत्वदायी भूमिका दिई सङ्घीय सरकारको अनुगमन र सहजिकरणका लागि सुझाव समेत दिएको छ।

सो अवसरमा कांग्रेस सभापति देउवासँगै महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, प्रचारविभाग प्रमुख मीनबहादुर विश्वकर्मालगायत हुनुहुन्थ्यो। सो अवसरमा प्रधानमन्त्री प्रचण्डले विगतका राम्रा अनुभवहरूको अनुसरण गर्ने बताउनुभयो। उहाँले खोज र उद्धारको पहिलो चरणको काम सफलतापूर्वक सम्पन्न भएको बताउँनुहुँदै अब राहत र पुनःनिर्माणको दोस्रो चरणको काम द्रुतगति हुने बताउनुभयो। उहाँले भन्नुभयो, "हिजो मात्र दुवै छिमेकी राष्ट्रका राजदूतलाई छुट्टाछुट्टै बोलाएर राहतका लागि कुरा भएको छ। उहाँहरूले राहतका लागि आफूहरू सुरुवात गरेको बताउनुभयो। यसरी सबैतिरबाट आर्थिक र अन्य सहयोगहरू आउने क्रम जारी छ।"

प्रधानमन्त्रीले आगामी दिनमा भूकम्पलगायतका अन्य प्राकृतिक प्रकोपका लागि स्थानीय तहमा भण्डारणको व्यवस्था गर्ने, भूगोलको अध्ययन गरेर एकीकृत बस्तीको मापदण्ड तोक्ने लगायतका कामबारे छलफल भएको बताउनुभयो। उहाँले नेपालीहरूमा संकटको बेला एकैठाउँमा उभिने संस्कार विगतका प्राकृतिक विपतमा झैं यसपटक पनि सबै एकजुट भएको बताउनुभयो।

नेकपा (एकीकृत समाजवादी)ले पनि रु २५ लाख सहयोग गरेको छ। पार्टीका अध्यक्ष माधवकुमार नेपाल लगायतका नेतासहितको प्रतिनिधि मण्डलले प्रधानमन्त्रीलाई बालुवाटारमा भेट गरी रु २५ लाख बराबरको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको लागि हस्तान्तर गरेको थियो।रासस

# आगामी मनसुन अगावै तनहुँ जलविद्युत्को बाँध निर्माण सकिने

दमौली। तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको बाँध आगामी मनसुन अगावै सम्पन्न गर्ने गरी निर्माण प्रारम्भ गरिएको छ। आयोजनाको प्याकेज-१ अन्तर्गतको बाँध निर्माणको प्रक्रिया



सोमबारदेखि सुरु गरिएको हो। त्यसका लागि उक्त गाउँपालिकाको वडा नं १ र व्यास नगरपालिकाको वाडा नं ५ सिमाना भएर बग्ने सेती नदीमा मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रबाट एक सय ४० मिटर अग्लो कङ्क्रिटको ६२६दशमलव ९२ मिटर लामो सुरुङ निर्माण गरी पानी फर्काइएको छ। डाइभर्सन सुरुङमार्फत फर्काइएको पानीलाई मुख्य बाँध निर्माणस्थलबाट तल्लो तटीय क्षेत्रबाट पुनः सेती नदीमा खसालिएको छ।

सन् २०२१ देखि निर्माण सुरु भएको डाइभर्सन टनेल हालै निर्माण भएपछि नदी फर्काउने काम गरिएको हो। सेती नदी अब सोही डाइभर्सन टनेल भएर बग्नेछ। मुख्य बाँध निर्माण अवधिसम्मका लागि नदी फर्काउन करिब ४० मिटर अग्लो अस्थायी कङ्क्रिट बाँध (कफर ड्याम) निर्माण गरिने आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आगामी मनसुन सुरुहुनुभन्दा पहिले नै बाँध निर्माण गरिसक्ने गरी काम अगाडि बढाइएको छ। नदी फर्काइएपछि अब बाँध निर्माणका लागि जग खन्ने काम अब सुरु हुन्छ।"

प्याकेज-१ अन्तर्गत १४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन (प्राली) नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेदेखि कार्यान्वयनमा आएको थियो। निर्माण व्यवसायीले हाल अर्को डाइसर्भन सुरुङ र मुख्य बाँध निर्माणका लागि सेती नदीको दायाँ तथा बायाँतर्फबाट पहाड (स्लोप) काट्ने कार्य गरिरहेको छ। उक्त कार्यको प्रगति करिब ५४ प्रतिशत छ। आयोजनाको मुख्य निर्माण कार्यलाई तीन प्याकेजमा विभाजन गरी काम गरिएको छ।

आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२को निर्माण कार्यका लागि चीनको सिनो हाइड्रो कर्पोरेसनसँग विसं २०७५ असोज १५ गते खरिद सम्झौता गरिएको थियो। निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौता बमोजिम निर्माणकार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनो हाइड्रोले विसं २०७५ माघ ६ देखि आयोजनास्थलमा परिचालित भई निर्माण कार्य जारी राखेको छ।रासस

# कांग्रेसका प्रदेशसभा सदस्यको १५ दिनको तलब भूकम्पपीडितलाई

लेखनाथ। नेपाली कांग्रेसले गण्डकी प्रदेशसभामा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यको १५ दिनको तलब भूकम्पपीडितलाई सहयोग गर्ने निर्णय गरेको छ।

जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलले उक्त निर्णय गरेको हो। सो रकम नेपाली कांग्रेस, केन्द्रीय राहत कोषमार्फत भूकम्पपीडित राहत कोषमा जम्मा हुने गरी पठाउने निर्णय गरेको प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले जानकारी दिनुभयो। भूकम्पमा परी निधन भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै दलले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। कांग्रेसले भूकम्पप्रभावितलाई उचित राहत र व्यवस्थापनको लागि सरकारसँग अनुरोध गरेको छ। रासस

# कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषिविकास बैंक लि. ३५ दिने सूचना

यस बैंकबाट तपसीलबमोजिमकाव्यक्तिले निम्न उद्देश्यकालागिबिभिन्नमितिमाकर्जा लिई हालसम्मकर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिमअनुसारको रकमबुझाउने सम्बन्धमा सम्बन्धितकार्यालयले बारम्बार मौखिक, लिखिततथाकर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचनापत्रपत्रिकामाप्रकाशन गरी ताकेतागर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचनाप्रकाशितभएको मितिले ३५(पैतीस) दिनभित्रबुझाउन यो सूचनाप्रकाशनगरिएको छ। उल्लेखितमितिभित्रपनि रकमदाखिलाहुननआएमा बैंक तथावित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धीनिर्देशन र कृषिविकास बैंक लि.को प्रचलितकर्जा असुलीकार्यबिधिबमोजिम ऋणीव्यक्ति र बैंकबाट कर्जा लिनधितो मञ्जूरीनामा/व्यक्तिगतजमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमानाम समावेश गरी अन्यआवश्यककानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयः शाखा कार्यालय, राजविराज सप्तरी**

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं., जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजे /ससुराको नाम | उद्देश्य | साँवा रकम रु. | मिति२०८० असोज सम्मको व्याज | जम्मातिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ईसरी लाल यादव | नर्घो ०२, सप्तरी | ४००२००२६ सप्तरी २०४५-०२-१२ | फेचु यादव | सुनर यादव | सरल कृषिकर्जा | ५००००० | १३८२३३।२२ | ६३८२३३।२२ |
| २. | लिलाकान्त राय अमात | विरपुर ०८, सप्तरी | ०८३३१९८९ सप्तरी २०४४-०७-११ | धन्पति राय अमात | पन्चि | घरायसी कर्जा | ५६०००० | १५९०३४।२३ | ७१९०३४।२३ |
| ३. | सोमवती देवि | मलेकपुर ०६, सप्तरी | ५९२४३४८५ सप्तरी २०४६/०२/०६ | कैलाश प्रसाद यादव | बचन यादव | घरायसी कर्जा | ३००००० | ६४४१६।३३ | ३६४४१६।३३ |
| ४. | श्याम कुमारी देवी | कटैया ०६, सप्तरी | १६१०६०/१८१ सप्तरी २०६६-१२-०३ | रन्जिव मुखिया | छुतहरु मुखिया मलाहा | सरल कृषि कर्जा | ३७५००० | ३४५३०।९२ | ४०९५३०।९२ |
| ५. | मजो देवी यादव | व्रहमपुर ०७, सप्तरी | १७२१०३९६ सप्तरी २०३६-११-१८ | झवर यादव | मौजेलाल यादव | सरल कृषि कर्जा | ५०००० | ५०३।८१ | ५०५०३।८१ |
| ६. | भोला यादव | नर्घो ०४, सप्तरी | ७००२४१५६ सप्तरी २०५२-११-०६ | नसिव लाल यादव | सुनर यादव | सरल कृषि कर्जा | २२५००० | २३१६९।२६ | २४८१६९।२६ |
| ७. | सुरेन्द्र कुमार यादव | फर्सेठ ०३, सप्तरी | २२४९ सप्तरी २०५७-०५-२२ | वच्ची यादव | झवर यादव | सरल कृषि कर्जा | २२०००० | १११४५५।६५ | ३३१४५५।६५ |
| ८. | श्रीमती राधा देवी राजधोव | कटैया ०४, सप्तरी | ८११६३०४१ सप्तरी २०४४-११-२२ | किसन माझी | लालजी प्रमाणी | घरायसी कर्जा | २००००० | ३४६६९।२६ | २३४६६९।२६ |
| ९. | दिलिप सुतिहार | मलेठ ०५, सप्तरी | ५१७६ सप्तरी २०५७-०८-१४ | मुगा लाल सुतिहार | गेनी सुतिहार | सरल कृषि कर्जा | १५०००० | २८८४१।५३ | १७८८४१।५३ |
| १०. | दिनेश कुमार मण्डल | गम्हरिया प्रवहा ०४, सप्तरी | ११०८४७९० सप्तरी २०५२-०९-१२ | धोतीलाल मण्डल (धानुक) | | सरल कृषि कर्जा | १२४७४१ | ४०४२८६।१६ | ५२९०२७।१६ |
| ११. | धनिराम मेहतमान | गम्हरिया प्रवहा ०४, सप्तरी | २३२० सप्तरी २०४४-१२-१८ | दर्पि यादव | | सरल कृषि कर्जा | ४९९९४ | १८४७०० | २३४६९४ |
| १२. | सुमिन्द्रा देवी यादव | इटहरी विसनपुर ०९, सप्तरी | ३५६१ सप्तरी २०५३-०५-२७ | रामचन्द्र प्रसाद यादव | हरिहर प्रसाद यादव | सरल कृषि कर्जा | ५९९५७ | २२१८०४।५२ | २८१७६१।५२ |
| १३. | बदामी बती यादवनी | ज.मधेपुरा ०९, सप्तरी | ८११६१९५९ सप्तरी २०४४-१०-२७ | असर्फी यादव | | सरल कृषि कर्जा | १९९८७९ | ४७०२१३।४९ | ६७००९२।४९ |
| १४. | उमेश कुमार देव | राजविराज ०५, सप्तरी | ७६०८५२५१ सप्तरी २०४७-१२-१९ | ज्वाला प्रसाद देव | फुदि लाल देव | सरल कृषि कर्जा | १००००० | २२१८०४।५२ | ३२१८०४।५२ |
| १५. | रेखा कुमारी यादव | सि. सिग्यौन ०४, सप्तरी | १६१०६५/१२२ सप्तरी २०६५-१२-२८ | देवनन्दन यादव | टेक लाल यादव | सरल कृषि कर्जा | २००००० | १५५१४१।३६ | ३५५१४१।३६ |
| १६. | राजदेव यादव | नर्घो ०२, सप्तरी | ७४०२४१५७ सप्तरी २०५२-११-०८ | किसुन लाल यादव | विहारी यादव | सरल कृषि कर्जा | १२५००० | १७८०९३।१३ | ३०३०९३।१३ |
| १७. | भुपेन्द्र कुमार यादव | बोरिया ०८, सप्तरी | १६१०४९/२७७ सप्तरी २०६३-१०-११ | जगदेव यादव | सुरैत यादव | भैसीपालन कर्जा | २००००० | ३०२१६९।१३ | ५०२१६९।१३ |
| १८. | राजोदेवी यादव | देउरी भरुवा ०३, सप्तरी | ३६९९ सप्तरी २०४६-०१-२० | शिव नारायण यादव | भोला यादव | भैसीपालन कर्जा | १४९०९०।१३ | २५७०१।१४ | १७४७९१।२७ |
| १९. | दशरथ यादव | छिन्नमस्ता ०७, सप्तरी | ८०९५२८४८ सप्तरी २०५४-१२-०६ | वौजन यादव | गुणी यादव | घरायसी कर्जा | २५०००० | १९४०३९।४९ | ४४४०३९।४९ |
| २०. | वैजनाथ मण्डल | वे.चपेना ०६, सप्तरी | ४४१७ सप्तरी २०५६-०२-११ | जय लाल मंडल | सुनर मंडल | घरायसी कर्जा | ३५०००० | ३०९५९२।१८ | ६५९५९५।१८ |
| २१. | देव नारायण साफी | विषहरिया०९, सप्तरी | १६२१ सप्तरी २०३६-०१-१३ | वासुदेव साफी | कलर | कृषि कर्जा | ३१३४८ | ५९६८।२१ | ३७३१६।२१ |
| २२. | रेखा देवी मण्डल | प्रसवनी ०९, सप्तरी | २७०६ सप्तरी २०५९-१०-१७ | सुधिर कुमार मण्डल धानुक | कपलेश्वर मण्डल | कृषि कर्जा | १५०२२५ | ५९०६०।४३ | २०९२८५।४३ |
| २३. | सुकदेव यादव | चपेना ०८, सप्तरी | ११०३१३३२ सप्तरी २०३४-१२-०८ | वच्चु यादव | वोनाई | कृषि कर्जा | ५५२१२।९० | ४४४३६।१४ | ९९६४९।०४ |
| २४. | विरेन्द्र प्रसाद यादव | फकिरा ०८, सप्तरी | ७३९३७१५ सप्तरी २०५१-०२-२६ | परमेश्वर यादव | अवध यादव | कृषि कर्जा | ९९७९७ | ६६९५७।२३ | १६६५५४।२३ |
| २५. | राम विलास शर्मा | राजविराज १०, सप्तरी | ७६०८१७९१ सप्तरी २०५०-१२-२४ | मोती सुतिहार | सेती सुतिहार | घरायसी कर्जा | २५०००० | ९४३३५।०३ | ३४४३३५।०३ |
| २६. | चन्द्रिका देवी झा | छिन्नमस्ता ०१, सप्तरी | ८०९५०७६४ सप्तरी २०३५-१२-०३ | वैद्यनाथ झा | अछकल झा | कृषि कर्जा | ५७०९४।५८ | २५१८८।२४ | ८२२८२।८२ |
| २७. | सियाराम राय | वरही विरपुर ०८, सप्तरी | ४९७२३१२९ सप्तरी २०४४-१२-०९ | बन्दी राय अमात | सत्यदेव राय | सरल कृषि कर्जा | २००००० | ६९२१०।८३ | २६९२१०।८३ |
| २८. | विमला कुमारी यादव | डिमन ०४, सप्तरी | २५३८ सप्तरी २०५५-०३-०२ | श्याम नारायण यादव | नौवा लाल यादव | गैर कृषि कर्जा | ३३६७०४ | ४६८५।४९ | ८०५।२५३ |

| क्र.सं. | कर्जा ग्राहकको नाम | दर्ता ठेगाना | दर्ता नं.,मिति र दर्ता गर्ने कार्यालय | प्रोपाईटरको नाम | उद्देश्य | साँवा रकम रु. | मिति२०८० असोज सम्मको व्याज | जम्मातिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | ईसरी लाल यादव | नर्घो ०२, सप्तरी | ४००२००२६ सप्तरी २०४५-०२-१२ | फेचु यादव | सरल कृषिकर्जा | ५००००० | १३८२३३।२२ | ६३८२३३।२२ |

**धितो मन्जुरीदिने/जमानतदिने/प्रोपाईटरहरुको नाम**

१.ऋणी ईसरी लाल यादव

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| श्रीमती दुर्गी देवी यादव | नर्घो ०२, सप्तरी | ४००२०२७ | सप्तरी, २०४५/०२/१२ | बौकाई यादव | फेचू यादव |

२.ऋणी श्री राम ट्रेडर्स

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| बुधनी देवी | कटैया ०९, सप्तरी | ४१७१ | सप्तरी, २०६३/०५/०९ | बौवलाल खंग | देवलाल खत्वे |
| श्रीराम मण्डल | कटैया ०९, सप्तरी | ८११६४८२३ | सप्तरी २०५३-०१-०२ | देवलाल खत्वे | जंगली खंग |

३.ऋणी लिलाकान्त राय अमात

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| कुलदिप राय | विष्णुपुर ०६, सप्तरी | ०८३३३५७० | सप्तरी, २०५२/०७/२८ | लिलाकान्त राय अमात | धन्पति राय अमात |

४.ऋणी सोमवती देवि

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे ससुरा |
|---|---|---|---|---|---|
| कैलाश प्रसाद यादव | मलेकपुर ०६, सप्तरी | १०१६० | सप्तरी, २०३२/०४/३० | बचन यादव | शंकर यादव |

५.ऋणी श्याम कुमारी देवी

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| रंन्जिव मुखिया मलाहा | कटैया ०६, सप्तरी | ४१२४ | सप्तरी, २०६३/०२/२८ | छुतहरु मुखिया मलाहा | |

६.ऋणी भोला यादव

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| जानकी देवी यादव | नर्घो ०४, सप्तरी | १६१०७४/३८६ | सप्तरी, २०६९/०५/२७ | भोला यादव | नसिब लाल यादव |

७.ऋणी सुरेन्द्र कुमार यादव

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| लुखिया देवी यादव | फर्सेठ ०३, सप्तरी | २३२६ | सप्तरी, २०५८/०६/०९ | सुरेन्द्र कुमार यादव | वच्ची यादव |

८.ऋणी श्रीमती राधा देवी राजधोव

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| महेश कुमार प्रमाणी | कटैया ०४, सप्तरी | ४८४० | सप्तरी, २०६३/०३/२० | गेनालाल प्रमाणी | |

९.ऋणी धर्मराज खरिद बिक्री केन्द्र

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/श्रीमान | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| भोगेन्द्र प्रसाद यादव | फकिरा ०५, सप्तरी | ३७०७ | सप्तरी, २०५०/०६/२२ | तनुक लाल यादव | दिगम्बर यादव |

**कृषि विकास बैंक लि.**
**कानून तथा कर्जा असुली विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं**

# पूर्व मन्त्री आलमको मुद्दामा सुनुवाई सुरू



**टुडे समाचारदाता**

रौतहट । नेपाली कांग्रेसका नेता तथा पूर्व मन्त्री मोहम्मद आफताब आलमको मुद्दामा जिल्ला अदालत गौरमा मंगलबारदेखि सुनुवाई सुरू भएको छ।

२०६४ सालको पहिलो संविधान सभाको निर्वाचनको पूर्व सन्ध्यामा भएको बम फिस्फोटको घटनामा संलग्न भएको आरोपमा दायर भएको बम विस्फोट तथा कर्तव्य ज्यान मुद्दामा थुनामा बन्दी जीवन बिताइ रहेका आलमको मुद्दाको रौतहट जिल्ला अदालतका जिल्ला न्यायाधीश बाबुकाजी बानियाको इजलासमा बहस शुरू भएको छ।

निर्वाचनमा बुथ कब्जा गर्ने उद्देश्यले राजपुर फरहदवामा बनाइ रहेको बम विस्फोट हुँदा रौतहट जिल्लाको सरुअठाका त्रिलोक प्रताप सिंह भनिने चिंटू सिंहसहित २ जनाको मृत्यु भएकोमा मृतक सिंहका बुवा श्रीनारायण सिंहले दिएको जाहेरीको आधारमा सर्वोच्च अदालतले अनुसन्धान गर्न आदेश दिँदा पूर्व मन्त्री आलमलाई प्रहरीले २०७६ साल आसोज २६ गते पक्राउ गरेको थियो।

अनुसन्धानपछि अभियोगसहित पेश गरिएको आलमलाई जिल्ला अदालतले थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्ने आदेश दिँदा आलमसहित ३ जना कारागारमा रहेका छन्।

पूर्व सांसदसमेत रहेका आलमसहित आलमका भाई मोहम्मद महताब आलम र शेख सेराज कारागारमा रहेका छन् भने अन्य आरोपि धरौटीमा रहेका छन् । ११ जनामाथि रहेको उक्त मुद्दामा मंगलबार बहस नसकिएकोले निरन्तर सुनुवाई प्रक्रियामा राखिएको रौतहट जिल्ला अदालतले जनाएको छ।

# बजार भरिभराउ, पसल खाली, औपचारिक हुने दिवाली

**टुडे समाचारदाता**

जनकपुरधाम । चाडबाडका बेला जनकपुरधामलगायत मधेश प्रदेशका बजार भरिभराउ छन् । सडकहरुमा सवारीको चापसँगै सर्वसाधारणसम्मको चाप बढेको छ। तर, व्यवसाय भने चौपट छ। बजारमा भीडभाड देखिए पनि पसलहरु भने सुनसान छन्।

दशैंको बेला पनि यस्तै देखिएको थियो । दिवाली र छठसम्म केही सुधार हुने अपेक्षा व्यवसायीहरुको थियो । तर, दिवाली आउन तीन दिनमात्र बाँकी रहेको बेला पनि बजारमा खासै परिवर्तन आएको छैन् । व्यवसायीहरु अझै पनि ग्राहकको पर्खाइमा छन् । विहान ८ बजे सटर उठाएदेखि बेलुकासम्म बोहनी भए ठूलो कुरा हुने व्यवसायीहरुको कथन छ। दुई चार हजारको बिक्री भएपछि राम्रो दिन रहेको भने महसुस गरिरहेको व्यवसायीहरु बताउँछन्।




जनकपुरधाम उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनिष रमण साह भन्छन्-'मधेश प्रदेशमा जेठ महिना देखिनै समस्या बढेको छ, त्यसतर्फ ध्यान केन्द्रित हुनसकेन्। संघीय सरकारले मिटर ब्याजी सम्बन्धी कानुन ल्याएदेखि नै समस्या थप जटिल भएको छ।' उनले भने-'७० प्रतिशत सर्वसाधारण गाउँघरमै लेनदेन गरेर आफ्नो समस्या समाधान गर्ने गरेका थिए तर, जुन दिनदेखि मिटर ब्याजको हल्ला चल्यो र सरकारले कानुन ल्यायो त्यो दिनदेखि गाउँघरमा हुने लेनदेन बन्द भएपछि त्यसको प्रत्यक्ष प्रभाव भने बजारमा परेको छ।' गाउँघरको इकोनोमिकल सिस्टम खराब भएका कारणले पनि जनकपुरधामको बजारमा प्रत्यक्ष प्रभाव परेको उनको भनाइ छ।

बजारमा भीडभाड रहे पनि किनमेल नहुँदा व्यवसायीहरु विदेशिनु परेको पीडा पनि व्यवसायीहरु सुनाउँछन् । जनकपुरधामका व्यवसायीहरु विदेशिएपछि यहाँका सटरहरु खाली भएका छन्। केही वर्ष पहिला मात्रै जनकपुरधामका सटरहरुकालागि लाखौं रुपैयाँ एडभान्स दिइने गरिन्थ्यो । अहिले अवस्था फेरिएकाले मासिक भाडा लिएर भए पनि सटर लिनेको पर्खाइमा घरमुलीहरु रहेको उनीहरु सुनाउँछन् । उनीहरु खुल्ला सीमा नाका रहेका कारण यताको ग्राहकहरु भारतीय बजारमा गएर किनमेल गरेको प्रभाव पनि जनकपुरधामको बजारमा परेको बताउँछन्।

अर्थविद भोगेन्द्र झा भन्छन्-'बजार कन्ट्रोलमा नरहेका कारण यहाँको व्यवसायीलाई समस्या भएको छ। बजारमा एकरुपता आउनुपर्छ । १० किलोमिटरको फरकमा रहेको भारतीय बजारमा नेपालमा खरिदारी गर्नुभन्दा सस्तो मूल्यमा सामान पाउने भएका कारण सर्वसाधारण उता जाने भएकाले यता समस्या भएको छ।' जनकपुरधामको बजारमा एउटा सानो सामान खरिद गर्दा सीमा नाकामा रहेको बजारमा यहाँ भन्दा कम्तीमा सय रुपैयाँ सस्तो हुने भएकाले यताका खरिदारहरु उत्ता जाने गरेको उनको भनाइ छ।

छठपछि मंसिरमा विहेबारीको समय आउँदैछ । त्यसमा थप कठिनाइ हुने भएको छ । विहेबारीमा दुई चार लाख रुपैयाँ स्थानीय स्तरमै लेनदेन गरेर काम गर्ने गरेका थिए । तर, गाउँघरमा मान्छेले पैसा लेनदेन बन्द गरेका छन् , त्यसको प्रभाव भने बजारमा पर्ने सम्भावना बढेको छ । छोराछोरीको विहेबारी सर्वसाधारण बैंकबाट लोन नलिई गर्दथे, गाउँघरमै लेनदेन गरी काम गर्ने गरेका थिए तर, अब गाउँघरमा लेनदेन बन्द भएपछि त्यसको मार पनि बजारमा पर्ने देखिएको व्यवसायीहरुको गुनासो छ।

वीरगञ्जको माईस्थानमा कपडा पसल सञ्चालन गर्दै आएका व्यापारी अनिलकुमार गुप्ताले पसलमा ग्राहक आउनै छाडेको बताए । उनले महंगीका कारण ग्राहकहरु किनमेलका लागि रक्सौल जाने गरेको गुनासो गरे । उनले यही अवस्था रहे, आगामी दिनमा पसल बन्द गरी पलायन हुने बताए।

दैनिक उपभोग्य वस्तुको मूल्य आकासिदा उपभोक्ताको भान्सा नराम्ररी प्रभावित भएको छ। मन्दीको कारण खाद्य सामाग्रीमा भएको मूल्यवृद्धिले मारमा परेको स्थानीयहरुले बताएका छन् । विगतका चाडपर्वको बेला खुशीको माहोल हुने गरेकोमा यसपटक व्यवसायीहरुमा खासै उत्साह देखिएको छैन्।

# चिकित्सकको लापरबाहीले एक बिरामीको मृत्यु

## हस्पिटल बन्द गरी सञ्चालक र चिकित्सक फरार

**ओम प्रकाश यादव**

रौतहट । रौतहटको एक हस्पिटलमा चिकित्सकको लापरबाहीका कारण एक जना महिलाको मृत्यु भएको छ।

जिल्लाको गरुडा नगरपालिका-८ विर्तामा सञ्चालित इमरजेन्सी जन सेवा हस्पिटलमा पाठेघर (बच्चादानी) को अप्रेशन गराउन गएकी चन्द्रपुर नगरपालिका-७ बनबौहरिका इब्राहिम सिद्धिकीका ३० वर्षीया श्रीमती नुर्जहान खातुनको अप्रेशन गर्ने क्रममै मृत्यु भएको छ।

अप्रेशनमा चिकित्सकले चरम लापरबाही गरेका कारण बिरामी खातुनको मृत्यु भएको मृतकका आफन्तहरुले आरोप लगाएका छन्।

एक्कासी पाठेघरमा समस्या आएपछि अप्रेशन गराउन खातुनलाई जन सेवा हस्पिटल ल्याइएको थियो।




मृतक महिलाका श्रीमान इब्राहिम सिद्धिकीका अनुसार खातुनलाई सोमबार राति ८ बजेको समयमा चिकित्सकले अप्रेशन गर्न लगेका थिए। तर अप्रेशनमा चिकित्सकले चरम लापरबाही गरेका कारण श्रीमतीको मृत्यु भएको उनले आरोप लगाए।

खातुनको राति २ बजे नै मृत्यु भइसकेको भए पनि चिकित्सकले बिरामीलाई यहाँ ठिक हुँदैन आइसीयूमा राख्नुपर्छ भनी करिब ३ बजेको समयमा वीरगञ्जको मेट्रोसिटी हस्पिटलको लागि रेफर गरेको उनले बताए।

श्रीमतीको जन सेवा हस्पिटलमा नै मृत्यु भइसकेको कुरा हस्पिटलका चिकित्सकलाई राम्ररी थाहा भएको बताउँदै मृतकका श्रीमान सिद्धिकीले खातुनको मृत्यु भएको कुरा लुकाउन उनीहरुले अन्यत्र रेफरको बहाना गरेको उनले आरोप लगाएका छन्।

खातुनलाई वीरगञ्जको मेट्रोसिटी हस्पिटल लग्ने बित्तिकै चिकित्सकले मृत घोषणा गरेका थिए। अप्रेशन गर्न योग्य नै नरहेको चिकित्सकले जबर्जस्ती अप्रेशन गर्न खोज्दा खातुनको मृत्यु भएको उनको आरोप छ।

उपचारमा संलग्न चिकित्सकको सर्टिफिकेट, एनएमसी नम्बर इत्यादि कागजात चेकजाँच गर्नुपर्ने र अप्रेशन गर्न अनुमति प्राप्त नगरेको ठहर भए हदैसम्मको कारबाही गर्नुपर्ने पीडित पक्षको माग छ।

उपचारमा चिकित्सकले सावधानी नअपनाएको र गम्भीर लापरबाही गर्दा बिरामीको मृत्यु भएको भन्दै मृतकका आफन्तले मंगलबार बिहान जन सेवा हस्पिटल घेराउ गरी विरोध प्रदर्शन गरेका छन्।

दोषी चिकित्सक र हस्पिटल सञ्चालकलाई पक्राउ गरी उनीहरुमाथि ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा दर्ता गर्नुपर्ने, उचित क्षतिपूर्ति दिनुपर्नेलगायतका माग गर्दै मृतकका आफन्तहरुले शव राखेर मंगलबार बिहान हस्पिटल अगाडि प्रदर्शन गरेका थिए।

प्रहरीले दोषी हस्पिटल सञ्चालक र चिकित्सकलाई कानुनी कारबाही गर्ने सहमति जनाएपछि पीडित परिवारले शव उठाएका थिए।

यता बिरामी खातुनको मृत्यु भएपछि इमरजेन्सी जन सेवा हस्पिटलका सञ्चालक जिंगडियाका राजेन्द्र महतो र चिकित्सकहरुले मंगलबार बिहानदेखि हस्पिटल बन्द गरेर फरार भएका छन्।

फरार भएका सञ्चालक महतो र चिकित्सकको खोजी कार्य भइरहेको तथा घटना सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख एवं प्रहरी नायव उपरीक्षक (डिएसपी) ओम प्रकाश खनालले जानकारी दिए।

# धनुषा र सिरहा जोडने झोलुंगे पुलको निर्माण अन्तिम चरणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा र सिरहा जोड्ने कमला नदीमा निर्माणाधीन झोलुंगे पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

सिरहा नगरपालिका-१३ को मलहनियाँ र धनुषाको जनकनन्दिनी गाउँपालिका- ६ कठाललाई जोड्ने सो पुल निर्माण भएपछि दुबै जिल्लाका जनतालाई आवतजावत गर्न सजिलो हुने स्थानीयवासीहरुको भनाइ छ । संघीय सरकारको २८ करोडको लागतमा निर्माण भइरहेको सो झोलुंगे पुल सम्भवतः नेपालमा दोस्रो ठूलो लामो पुल भएको अनुमान गरिएको छ।

२०७९ असोजदेखि सुरु भएको र २०८१ असार मसान्तसम्ममा निर्माण कार्य सम्पन्न भइ सञ्चालनमा आउने सो पुलको लम्बाई एक हजार पाँचसय एक मिटर र चौडाई चारफिट रहेको भोलेन्टियर इन्जिनियर विनोद कुमार मण्डलले बताए। पुल सञ्चालनमा आएपछि भारतको बाटो भएर



आवातजावत गर्ने समस्या हटेर जाने स्थानीय मुकेश शर्माले जानकारी दिए। पुलबाट दैनिक दुबै जिल्लाका पाँच हजार मानिसलाई ओहोरदोहर गर्न सजिलो हुने बताउँदै उनले भने,' केही मिटरको फरकमा भए पनि सिरहा जानलाई पूर्व पश्चिम राजमार्ग भएर जानुपर्ने बाध्यता छ। तर यो पुल निर्माण भएपछि मोटरसाईकल लगायतका सवारीसाधानले सहज रुपमा आवतजावत गर्न सकिन्छ।'

हुलाकी राजमार्ग अन्तर्गत कमला नदीमा निर्माण भएको बहुप्रतीक्षित कमला पुल भत्किएपछि मानिसहरुलाई आवातजावत गर्न समस्या भएकोले सो पुलको विकल्पको रुपमा झोलुंगे पुल कोशेढुंगा सावित हुने सो क्षेत्रका सर्वसधारणको भनाइ छ।

पुल सञ्चालनमा आएपछि यस क्षेत्रको पर्यटन प्रवर्द्धन तथा व्यापार व्यवसायमा टेवा पुग्ने स्थानीय विन्दे मुखियाले जानकारी दिए । थानी निर्माण सेवा काठमाडौंले सो पुलको निर्माण ठेक्का लिएको उक्त पुलमा १० वटा पिलरहरु रहेको छ।

२०७६ सालमा सर्वे गरी सरकारसँग पुल निर्माणको लागि बजेट माग भए पनि कोरोनाको कारण यो प्रक्रिया प्रभावित भएको थियो । तर सोही वर्ष तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारको पालामा बजेट स्वीकृति भइ पुलको निर्माण कार्य सुरु भएको थियो।

# पटाका नपड्काउन धनुषा प्रशासनको आग्रह




**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रशासन कार्यालय धनुषाले दीपावली र छठ पर्वमा पटाका नपड्काउन अनुरोध गरेको छ।

मंगलबार एक सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यालयले चाडपर्वको समयमा पटाका, आतिसवाजी जस्ता प्रज्ज्वलनशील पदार्थहरु नपड्काउन तथा बिक्री वितरण समेत नगर्न आग्रह गरेको छ।

प्रशासनले सूचनाको अवज्ञा गरी कानुन विपरीतका कार्यहरू गरेको पाइएमा कडा कारबाही गरिने चेतावनीसमेत दिएको छ । यस्तै प्रशासनले जुवा, तास नखेल्न र नखेलाउनसमेत आग्रह गरेको छ।

मर्यादित रुपमा चाडपर्व मनाउन अनुरोध गर्दै प्रशासनले नेपाली संस्कृति, परम्पराको जगेर्ना गर्नुपर्ने बताएको छ। यस्तै देउसी भैलो, नाचगान जस्ता मनोरञ्जनात्मक कार्यहरू राति १० बजेसम्म मात्रै गर्न सूचना जारी गरेको छ।

# उखु किसानको अनुदान रकममा अन्योलता

**टुडे समाचारदाता**

सर्लाही। सरकारले पूरा रकम निकासा नगर्दा सर्लाहीका उखु किसानले अझै गत वर्ष बिक्री गरेको उखुको अनुदान रकम पाउन सकेका छैनन् । तिहारमा समेत किसानले उखुको अनुदान रकम पाउनेमा अन्योलता देखिएको छ।

गत वर्ष २०७९/८० मा उखुको प्रतिक्विन्टल मूल्य ६१० रुपैयाँ निर्धारण हुँदा ५४० रुपैयाँ उद्योगी र बाँकी ७० रुपैयाँ सरकारले अनुदान बापत किसानलाई उपलब्ध गराउने निर्णय भएको थियो।

जिल्लामा रहेका इन्दुशङ्कर, महालक्ष्मी र अन्नपूर्ण चिनी उद्योगले १७ हजार ३० जना किसानको ४१ लाख ७९ हजार ३२४ दशमलव ९९ क्विन्टल उखु क्रसिङ गरेका थिए। उखु क्रसिङ अनुसार जिल्लाका किसानका लागि २९ करोड २५ लाख ५२ हजार ७४९ दशमलव ३० रुपैयाँ अनुदान रकम प्राप्त हुनुपर्छ तर कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मलङ्गवामा केही साताअघि नौ करोड ११ लाख २६ हजार ६३८ रुपैयाँ मात्र निकासा भएको छ।

२० करोड १४ लाख २६ हजार १११ रुपैयाँ ३० पैसा निकासा नभएको कोलेनिकाले जनाएको छ । सर्लाहीका प्रमुख कोष नियन्त्रक निर्मल न्यौपानेले पूरा



रकम निकासा नहुँदा किसानलाई अनुदान रकम वितरण गर्न नसकिएको बताए।

"अधकल्चो पैसा आएको छ, थप रकम निकासाका लागि अर्थ र कृषि मन्त्रालयलाई बारम्बार आग्रह गरिरहेका छौं" प्रमुख कोष नियन्त्रक न्यौपानेले भने । मङ्गलबार दिउँसोसम्म बाँकी रकम प्राप्त नभएको र अब तिहार तथा छठअघि किसानले अनुदान रकम पाउने सम्भावना नरहेको न्यौपानेको भनाइ छ।

"हामी सम्पूर्ण आन्तरिक तयारीको काम पूरा गरेर बसेका थियौं, सोमबारसम्म पैसा आएको भए रातदिन नभनी तिहारअघि किसानको खातामा पैसा पठाउन सम्भव हुन्थ्यो" न्यौपानेले भने, "अब बुधबार, बिहीबार र शुक्रबार तीन दिनमा पैसा आए पनि किसानको खातामा पठाउन भ्याउने अवस्था छैन ।" प्रमुख चाड दसैंमा उखुको अनुदान रकम नपाउँदा निराश बनेका उखु किसानको तिहार र छठमा पनि त्यही स्थिति देखिएको छ।

सर्लाहीमा उखु किसानका विभिन्न सङ्घ सङ्गठनले दसैंको मुखमा अनुदान रकम माग गर्दै हरिवनबाट आन्दोलन सुरु गरेका थिए। त्यसबेला स्थानीय प्रशासनले तिहारअघि नै अनुदान रकम उपलब्ध गराउन पहल गर्ने आश्वासन दिएर किसानको आन्दोलन स्थगित गराएको थियो।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले उखुको बाँकी अनुदान रकम निकासा गरिदिन लिखित रूपमै आग्रह गरिसकेको बताए । "उखुको अनुदान भुक्तानी गर्ने समितिको बैठक राखेर लिखित रूपमै हामीले अर्थ र कृषि मन्त्रालयसँग आग्रह गरेका छौं, कोलेनिकाको प्रमुख आफै पनि मन्त्रालय पुगेर आउनुभएको छ" प्रमुख जिल्ला अधिकारी धमलाले भने, "व्यक्तिगत तथा भुक्तानी समितिको हिसाबले पनि समन्वय भइरहेको छ।"

नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले सरकारले किसानको आवाज नै नसुनेको गुनासो गरे। "उखुको अनुदानका लागि म आफै छ पटक अर्थ र कृषि मन्त्रालय पुगिसके तर यो वर्षको उखु क्रसिङ सुरु हुनेबेला भइसक्दा पनि सरकारले पोहोर सालकै पैसा पठाएन" मैनालीले भने, "सरकारका कारण किसानले आफ्नो पैसाले चाडबाड मनाउन पाएनन्। ऋण नै लिनु पऱ्यो।"

सरकारले देशभरमा उखुको अनुदानका लागि एक अर्ब ३२ करोड रुपैयाँ निकासा गर्नुपर्नेमा ८० करोड रुपैयाँ मात्र रकम निकासा गर्दा चार जिल्लाका उखु किसानले अनुदान रकम पाउन नसकेका मैनालीको भनाइ छ । "केही जिल्लाका किसानले अनुदान रकम पाए तर सरकारले पूरा पैसा विनियोजन नगर्दा सर्लाही, रौतहट, नवलपरासी र कञ्चनपुर जिल्लाका किसानले पैसा पाउन सकेका छैनन" मैनालीले भने, "अब त सरकारले नै किसानले अनुदान रकम नदिने छाँट बनाएजस्तो लाग्न थालेको छ।"

सरकारको यही रवैयाका कारण किसानले उखु खेती घटाउँदै लगेको मैनालीको भनाइ छ। चिनी उद्योगीबाट प्रताडित आफूहरू यो वर्ष सरकारबाटसमेत निराश बनेको उनले बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८